"प्रत्येक बालबालिकालाई राज्यबाट विशेष संरक्षण, सुविधा तथा बाल अनुकुल न्यायको पहुँच अभिवृद्धि गर्न नेपालको संविधानको धार ३९ ले सुनिश्चित गरेको छ ।"

# नेपालमा बाल अधिकार अवस्था २०७६

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# नेपालमा
# बाल अधिकार अवस्था

२०७६

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

**हरिहरभवन, ललितपुर, नेपाल**

## आयोगका पदाधिधकारीहरु

**अध्यक्ष**

मा.अनूप राज शर्मा

**सदस्यहरु**

मा. प्रकाश वस्ती

मा. सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

| | |
|---|---|
| लेखन तथा संकलन | : दिपा आचार्य, मानव अधिकार अधिकृत |
| संयोजन | : मञ्जु खतिवडा, उप-निर्देशक |
| | उषा किरण मेघी, मानव अधिकार अधिकृत |
| प्रकाशन मिति | : २०७६ |
| संस्करण | : प्रथम |
| प्रति | : १००० |
| प्रकाशन नं. | : २४९ |
| सर्वाधिकार | राष्ट्रिय मानव अधिकार आयोग,नेपाल । |
| डिजाइन/मुद्रण | : इगल पिस प्रेस (९८५१०८११८४) |

# दुई शब्द

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मानव अधिकारलाई विश्वव्यापी बनाउन एवम् मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नको लागि महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यस घोषणापत्रमा उल्लेखित प्रावधानहरूको पालना गर्न नैतिक रूपमा सबै राष्ट्रहरू बाध्यकारी रहन्छन् । यसको मुल उदेश्य एवम् मर्महरूलाई आत्मासाथ गर्दै अन्य दस्तावेजहरूको क्रमस विकास भएको पाईन्छ । यस घोषणापत्रले सबै मानवहरू समान अधिकार र स्वतन्त्रता लिई जन्मेका हुन्छन् भन्ने कुरालाई मान्यता दिएको छ । यसले अविभेदको अधिकार, कानूनको अगाडि समानताको अधिकार, मातृत्वको अवस्थामा विशेष रेखदेख र सहयोग आवश्यक हुने कुरालाई जोड दिएको छ ।

१४ सेप्टेम्बर १९९० मा बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरेपछि नेपालले अन्तर्राष्ट्रिय जगतसँग बाल अधिकार प्रति आधिकारिक प्रतिवद्धता जनाएको हो । उक्त प्रतिवद्धता कार्यान्वयनका क्रममा बालबालिका सम्बन्धी ऐन, २०४८ को निर्माण भई मिति २०५०।१।१ देखि  लागु भयो र हाल उक्त ऐनमा संशोधन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ। बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्ने उद्देश्यले बनेको यस ऐनले बालबालिकाको हक अधिकारको संरक्षणका लागि बिभिन्न ब्यवस्थाहरू गरेको छ । यी व्यवस्थाहरूले बालबालिकालाई उनीहरूको अधिकारको सुनिश्चिता गर्नुका साथै कानूनसँगको द्वन्द्वका अवस्थामा उनीहरूलाई बिभिन्न संरक्षण प्रदान गरेको छ ।

यसैगरी बाल अधिकार महासन्धिको optional protocol 1/2 पनि नेपालले अनुमोदन गरी संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा आवधिक

प्रतिवेदनहरू समेत बुझाईरहेको छ । यद्यपि बाल अधिकार महासन्धिको 3rd optional protocol भने हालसम्म अनुमोदन गरेको छैन ।

नेपालको संविधानले नेपाललाई समावेशी, समतामूलक, समाजवादी समृद्ध राष्ट्रको रूपमा निर्माण गर्ने प्रस्तवना सहित नेपालमा विद्यमान आर्थिक सामाजिक साँस्कृतिक र राजनीतिक विभेदहरूको अन्त्य गर्न मार्गदर्शन गरेको छ । बिगत दुई दशक यता नेपालले बालबालिकाको क्षेत्रमा गरेको प्रगतिलाई बर्तमान राज्य प्रणाली र संविधान तथा त्यस अनुरूप बन्ने ऐन नियमहरूले अझ बढी बलियो र प्रभावकारी बनाउन सक्ने अपेक्षा गर्न सकिन्छ तर राजनीतिक परिर्वतनसँगै निर्माण भएको संविधानले परिकल्पना गरेको समतामूलक समाजवादी समृद्ध राष्ट्रको निर्माण बालबालिकाहरूको समान सहभागिता, सक्रियता र पूर्ण अवसरहरूको सुनिश्चितता विना सम्भव हुँदैन । पितृसत्तात्मक प्रणालीद्वारा सिर्जित लैङ्गिक विभेद, विशेष गरी बालिका र महिलाहरू बिरूद्ध हुने भेदभावहरूको अन्त्यका लागि साथै उनीहरूको समान प्रगतिका अवसरहरू सिर्जना गर्नका लागि राज्यप्रणालीले बालमैत्री, बालिका संवेदनशील नीति, संरचना तथा कार्यक्रमहरूको निर्माण र प्रभाबकारी कार्यानवयन गर्न जरूरी छ ।

राज्यले बिशेष रूपमा बालबालिकाको लागि स्वच्छ, स्वतन्त्र एवम् सम्मानपूर्बक बाँच्न पाउने परिस्थिति एवम् नीतिको विकास गर्ने, बाल्यकाल एवम् युवास्थामा हुने शोषण तथा नैतिक रूपमा बन्चित हुनबाट नेपालको संविधानको धारा ३९ ले ग्यारेन्टी गरेको छ ।

बालअधिकारको व्यावहारिक कार्यान्वयनका सन्दर्भमा राज्यका मुख्य रूपमा सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व रहेको छ । सम्मानको दायित्व भन्नाले राज्यले कुनै पनि कार्यक्रम, नीति, नियम, ऐन कानुनहरूको निर्माण तथा कार्यान्वयन गर्दा उक्त कार्यक्रम तथा नीति नियमहरूले बालअधिकार महासन्धि र राज्यका प्रचलित कानूनहरूले सुनिश्चित गरेका बालअधिकारहरूलाई कुनै पनि अवस्थामा हनन् नगरोस् भन्ने कुराको सुनिश्चितता गर्नु हो ।

राज्यले देश भित्र र बाहिरका कुनै पनि गैर राज्यपक्षहरू, जस्तै व्यवसायिक संस्था, गैरसरकारी निकायहरू, विद्यालय, परिवार, धार्मिक, साँस्कृतिक, राजनीतिक तथा सामुदायिक संघ-संगठन जस्ता निकायहरूबाट आफ्नो कार्यहरू गर्ने क्रममा बालबालिकाको तोकिएका अधिकारहरू हनन् नहोस् भन्ने कुराको सुनिश्चित गर्नु र त्यस्तो गरेको पाइएमा न्यायिक प्रक्रिया अन्तर्गत ल्याई उचित दण्ड, न्याय तथा क्षतिपूर्तिको व्यवस्था गर्ने कार्यहरू संरक्षणको दायित्व हो । राज्यको परिपूर्तिको दायित्व भनेको बालअधिकार महासन्धि तथा राज्यका कानूनहरूले निर्दिष्ट गरेका अधिकार प्राप्ति, उपभोग र लाभान्वित हुनका लागि सबै बालबालिकाहरूसम्म अवसरहरूको पहुँच र उपलब्धता सुनिश्चित गर्नु हो ।

यसै सन्दर्भमा नेपालमा बालबालिको बर्तमान अवस्था कस्तो रहेको छ भनी जानकारी प्रदान गर्ने उदेश्यले राष्ट्रिय मानव अधिकार आयोगले नेपालमा बाल अधिकार अवस्था २०७६ विषयक प्रकाशन तयारी गरेको छ । यो पुस्तक तयारी गर्ने क्रममा प्रेरणादायी भूमिका निर्वाह गर्नु भएका आयोगका माननीय अध्यक्ष, सदस्य, सचिवज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आयोगका लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखाका कर्मचारीहरू लगायत अन्य कर्मचारीहरू धन्यवादका पात्र रहेका छन् ।

धन्यवाद !

**माननीय मोहना अन्सारी**

सदस्य

# विषय-सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २. | उद्देश्य | ५ |
| ३. | सीमा | ५ |
| ४. | बालबालिकासँग सम्बन्धित महत्वपूर्ण जानकारी तथा तथ्यहरु | ६ |
| ५. | राष्ट्रिय मानव अधिकार आयोग र बालअधिकार | १२ |
| ६. | बालबालिका र न्यायमा पहुँच | १८ |
| ७. | बालबालिकासंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरु | २२ |
| ८. | बाल अधिकार सम्बन्धी महासन्धिको सञ्चार प्रक्रिया सम्बन्धी तेसो इच्छाधीन आलेख | २९ |
| ९. | बालबालिका सन्दर्भमा दिगो विकास लक्ष्य र नेपालको प्रतिबद्धता | ३८ |
| १०. | बाल अधिकार कार्यान्वयनका लागि नेपालमा रहेका संरचनाहरु | ४० |
| ११ . | बाल अधिकारका कार्यान्वयनका चुनौती एवं समस्याहरू | ४२ |
| १२. | निष्कर्ष | ४५ |
| १३. | सन्दर्भ सामाग्री | ४८ |
| | अनुसूची | |
| १. | केही तस्विरहरू | ५३ |

# १. पृष्ठभुमी

बालबालिका देशको सबैभन्दा बहुमूल्य सम्पत्ति हुन । आजका बालबालिका भविष्यका नीति निर्माता हुन्छन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यति नै देशले विकशीत मानव स्रोत प्राप्त गर्दछ । वास्तवमा बालबालिका समाज एवम् देश विकासका अभिन्न अङ्ग पनि हुन् । उनीहरूलाई बाल्यकालबाट नै हित र अहितका बारेमा बताउँदै सिकाउँदै पालन पोषणमा अभिभावकलाई प्रोत्साहित गर्नुपर्छ । यो अभिभावकको दायित्व पनि हो । पालन पोषण, स्याहार, संरक्षणको प्राथमिक जिम्मेबारी आमा वा बाबु तथा संरक्षकको हो ।

भ्रुण अवस्थादेखि बालबालिकाको सम्पूर्ण अधिकार जस्तै बाल विकास, बाल बचावट, बाल सहभागिता एवम् बाल बालिकाको नैसर्गिक अधिकार नै बाल अधिकार हो । हाम्रो संविधानले बाल बालिकाको हकलाई आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ । यसरी बाल अधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सबैको दायित्व हो ।

जन्मपूर्व र जन्मिसकेपछि बालबालिकाको आधारभूत आवश्यकता एवम् मौलिक हकको व्यवस्था हुनु नै बाल अधिकार हो । बाल अधिकारहरूको परिपूर्ति गर्ने दायित्व अभिभावक र वयस्क नागरिकको हो भने सो को कार्यान्वयनको लागि आवश्यक कानून बनाउने, कानून कार्यान्वयनको लागि आवश्यक संयन्त्रहरू निर्माण गर्ने र वातावरण तयार गर्ने उत्तरदायित्व राज्यको हो ।

बालबालिका ऐन, २०७५ अनुसार १८ बर्ष मुनिका मानव बालबालिका हुन् । ती कलिला, अपरिपक्व, निर्दोष एवम् अवोध बालबालिकाहरू वयस्क प्रति परनिर्भर हुन्छन् । बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक अवस्था वयस्कको भन्दा फरक हुन्छ । तिनीहरूका मन पर्ने कुरा, व्यवहारको शैलीलाई

बालापन भनिन्छ । बालबालिकाको बालापनको अवस्था र क्षमताको पहिचान एवम् सम्मान गर्नु बाल अधिकारको विशिष्ट अवधारणा हो । बालबालकिलाई बिना भेदभाव सम्मानजनक ब्यबहार गर्नुपर्दछ । बालबालिकाको निम्ति गरिने प्रत्येक कार्यमा तिनीहरूको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । नेपालले बाल अधिकार महासन्धी, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरका दिन अनुमोदन गरेपश्चात उक्त महासन्धीलाई घरेलुकरण गर्ने क्रममा सर्बप्रथम बालबालिका ऐन, २०४८ कार्यान्वयनमा आयो । यो कानून कार्यान्वयनको क्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो । केन्द्रीय बाल कल्याण समितिको स्थापना गरिएको थियो हाल उक्त समिति राष्ट्रिय बाल अधिकार परिषदको रुपमा संचालित रहेको छ । प्रत्येक जिल्लामा केन्द्रीय बाल कल्याण समन्वय समितिको गठन गरिएको छ जस अर्न्तगत प्रत्येक जिल्लामा बालबालिकाको हितमा नीति तथा कार्यक्रम बनाउने गरिएका छन् । हाल बालबालिका सम्बन्धी ऐन,२०७५ कार्यान्वयनमा रहेको छ । यस ऐनले पुरानो बालबालिका ऐन २०४८ ले आत्मासाथ गरेका बाल अधिकारको कार्यान्वयनको लागि आवश्यक प्रावधानहरूलाई आत्मासाथ गर्नुका साथै उक्त ऐनले सम्बोधन गर्न नसकेका अर्थात् बाल अधिकारका बिषयमा उठान गरिएका बदलिदो परिबेश समेतलाई अङ्गीकार गरेको पाइन्छ । उक्त ऐनको प्रावधानहरूलाई आत्मासाथ गर्दै कानून उल्लङ्घन गर्ने बालबालिकालाई बयस्कलाईभन्दा छुट्टै कानूनी प्रक्रियामा ल्याउन ७५ वटै जिल्लामा बाल न्याय समन्वय समिति तथा बाल इजलासको स्थापना गरिएको छ भने ७ वटा जिल्लाहरूमा बाल सुधारगृहको व्यवस्था गरिएको छ ।

बिगतको तुलनामा बालबालिकाको शैक्षिक अधिकारका लागि पनि काम भएको पाइन्छ । छोराछोरी दुवैका लागि मा.वि. तहसम्म अनिवार्य र निःशुल्क शिक्षा लागु गरिएको छ । शिशु स्याहार केन्द्र, मन्टेश्वरी, चिल्ड्रेन फनपार्क, बाल संसार, बालबाटिका, बाल पत्रपत्रिका प्रकाशन लगायतले

गर्दा बालबालिकाको मनोरञ्जन, कलात्मक सिर्जना र सम्प्रेषणको अधिकार प्रत्यायोजन भएको पाइन्छ । साथै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिका सम्बन्धी ऐन, आपतकालिन बाल उद्धार कोष सञ्चालन नियमावली, बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, बालन्याय कार्यविधि नियमावली, सडक बालबालिका उद्धार संरक्षण तथा व्यबस्थापन मार्गदर्शन लगायत थुप्रै ऐन, कानून तथा नीति बनाएको छ तर कार्यान्यिन पक्ष भने सोचे अनुरूप नभएको कारण बालबालिकाले अधिकारको पूर्ण रूपमा अनुभुति गर्न भने पाईरहेको देखिदैन । नेपालमा गरिबी, अशिक्षा एवम् चेतनाको कमीले गर्दा बहुसंख्यक बालबालिकाहरू न्यूनतम आवश्यकता पाउने अवस्थामा समेत नरहेको अध्ययहरूले देखाएको छ । त्यसमध्ये पनि मधेसी, दलित, मुस्लिम, अल्पसंख्यक र जनजाती समुदायका बालबालिका अझ बढी जोखिममा रहेको पाइन्छ ।

संबिधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालन-पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास, संरक्षणको हक हुने उल्लेख गरेको भएता पनि व्यबहारमा भने तीन तहको सरकार हुँदा पनि केही बालबालिकाहरूले भने परिवार तथा राज्यबाट अभिभावकत्व अनुभूत गर्न पाएको देखिदैन ।

नेपालको संबिधानले नेपाललाई समावेशी, समतामूलक, समाजवादी उन्मूख समृद्ध राष्ट्रको रूपमा निर्माण गर्ने र विद्यमान आर्थिक, सामाजिक साँस्कृतिक र राजनीतिक विभेदहरूको अन्त्य गर्ने कुरा मार्गदर्शन गरेको छ तर बर्तमान संबिधानले कल्पना गरेको समतामूलक समाजवादी समृद्ध राष्ट्रको निर्माण बालबालिकाहरूको समान सहभागिता, सक्रियता र पूर्ण अवसरहरूको सुनिश्चितता विना सम्भव हुँदैन । पितृसत्तात्मक राज्य प्रणालीद्वारा सिर्जित लैङ्गिक विभेद, विशेष गरी बालिका र महिलाहरू विरूद्ध हुने भेदभावको अन्त्यका लागि र उनीहरूको प्रगतिका अवसरहरू सिर्जना गर्नका लागि राज्यव्यवस्थाले बालमैत्री, बालिका संवेदनशील

नीति, संरचना तथा कार्यक्रमहरूको निर्माण र प्रभावकारी कार्यान्वयन गर्न जरूरी छ । साथै नीति, संरचना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सरोकारवाला निकायहरूबाट समय समयमा अध्ययन तथा अनुगमन गर्नुको साथै प्राप्त तथ्य सहित सम्बन्धित निकायहरूलाई सजग गराउन आवश्यक देखिन्छ ।

यिनै कुराहरूलाई मध्यनजर गर्दै राष्ट्रिय मानव अधिकार आयोगले बाल अधिकारको संरक्षण तथा संबर्द्धन गर्ने उद्देश्यका लागि आयोगको सबै कार्यालयहरूमा बाल अधिकार सम्पर्क अधिकृतको समेत व्यवस्था गरी बाल अधिकार उल्लङ्घनको बिषयमा आयोग समक्ष परेका उजुरी तथा बाल अधिकार उल्लङ्घनका बिषयहरूलाई आयोग स्वयमले सुनुवाई गर्ने, छानबिन गर्ने, स्थलगत अनुगमन एवम् सामाजिक सुनुवाई गरी सम्बन्धित निकायलाई तत्काल संरक्षणको लागि निर्देशन दिने तथा सिफारिस गर्ने लगायतका संबिधान प्रद्धत्त बाल अधिकारको संरक्षण गर्ने कार्य गर्दै आइरहेको छ। साथै समय समयमा आयोगद्धारा बाल अधिकारको सर्म्बद्धनात्मक कार्यहरू पनि आयोगले आफनो स्थापना कालदेखि हालसम्म गर्दै आईरहेको छ ।

यसै सन्दर्भमा आयोगले बाल अधिकारको सर्म्बद्धन गर्ने उद्देश्यले बाल अधिकारको बर्तमान अबस्था तथा यसको कार्यान्वयन अबस्था के कस्तो रहेको छ सो को सामान्य जानकारी प्रदान गर्ने उद्देश्यका साथ बाल अधिकारसँग सम्बन्धित महत्वपूर्ण संबैधानिक व्यवस्थाहरू, बालबालिकासँग सम्बन्धित ऐन, नियम, नियमावली, बाल अधिकारको बिषयमा बिभिन्न मितिमा प्रकाशन गरिएका बालबालिकाको स्थिति प्रतिबेदनहरू, राष्ट्रिय मानव अधिकार आयोगद्धारा प्रकाशन गएिका वार्षिक प्रतिबेदनहरू, बाल अधिकार संग सम्बन्धित छलफल तथा अर्न्तक्रिया कार्यक्रमहरू बालबालिकासँग सम्बन्धित बिभिन्न मितिमा पत्रपत्रिकामा समावेश गरिएका लेख तथा रचनाहरू, बाल अधिकारको संरक्षण र संबर्द्धनका लागि नेपाल सरकारद्धारा

स्थापना गरिएका बिभिन्न मन्त्रालयहरू तथा नेपाल प्रहरीको वेभ साइट, बाल अधिकारको संरक्षण र संर्बद्धनका लागि क्रियाशिल गैह्र सरकारी निकायहरूका प्रकाशनहरूलाई डेक्स पुनराबलोकन (Desk Review) गरी नेपालमा बाल अधिकार अवस्था, २०७६ विषयक प्रकाशन तयार पारिएको हो ।

## २. उद्देश्य

१. बाल अधिकारको बर्तमान अबस्था तथा यसको कार्यान्वयनको बारेमा जानकारी हासिल गर्ने ।

२. बाल अधिकारसंग सम्बन्धित केही महत्वपूर्ण कानूनी व्यवस्थाहरूको बारेमा सुसूचित हुने ।

३. राष्ट्रिय मानव अधिकार आयोगमा हालसम्म बाल अधिकारको बिषयमा परेका उजुरीहरूको प्रकृति र उजुरी उपर गरिएका सिफारिस तथा सो को कार्यान्वयनको बारेमा बिश्लेषण गर्ने ।

## ३. सीमा

यस प्रकाशन बर्तमान संबिधान, बालबालिकासँग सम्बन्धित ऐन, नियम, नियमावली, निर्देशिका, नीति, रणनीति, कार्ययोजना, संशोधन प्रस्तावहरू, बाल अधिकारको बिषयमा बिभिन्न मितिमा प्रकाशन गरिएका बालबालिकाको स्थिति प्रतिबेदनहरू, राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशन गएिका वार्षिक प्रतिबेदनहरू, आयोगद्वारा बिभिन्न समयमा बाल अधिकारको बिषयमा गरिएका अनुगमन प्रतिबेदनहरू, आयोगद्वारा प्रकाशित अध्ययन प्रतिबेदनहरू, बाल अधिकारका बिषयमा आयोगद्वारा आयोजना गरिएको छलफल तथा अर्न्तक्रिया कार्यक्रम, बालबालिकासँग सम्बन्धित बिभिन्न मितिमा पत्रपत्रिकामा समावेश गरिएका लेख तथा रचनाहरू, बाल अधिकारको संरक्षण र संर्बद्धनका लागि नेपाल

सरकारद्वारा स्थापना गरिएका बिभिन्न मन्त्रालयहरू तथा नेपाल प्रहरीको वेभसाइट बाल अधिकारको संरक्षण र संर्बद्धनका लागि क्रियासिल गैह्र सरकारी निकायहरूका प्रकाशनहरूलाई डेक्स पुनराबलोकन गरी तयार पारिएको हो ।

## ४. बालबालिकासँग सम्बन्धित महत्वपूर्ण जानकारी तथा तथ्यहरू

- राष्ट्रिय जनगणना (२०६८) अनुसार नेपालको कूल जनसंख्याको ४१.८२% जनसंख्या १८ बर्षभन्दा कम उमेरका बालबालिका रहेका छन् । कूल बालबालिकाको जनसंख्याको ४९ प्रतिशत जनसंख्या बालिका रहेको छ ।
- शिक्षा विभागको २०७४/२०७५ को तथ्याङ्क अनुसार बालबालिकाहरूको शिक्षाको अबस्था मध्ये खुद भर्ना दरलाई अध्ययन गर्दा बालक र बालिकाहरूको समान अवस्था रहेको भएता पनि माध्यमिक तह (कक्षा ९ देखि १२) मा बालबालिकाहरूको खुद भर्नादर ४३.७ प्रतिशतमात्र रहेको पाइन्छ ।
- उक्त तथ्याङ्क अनुसार माध्यमिक शिक्षाको परीक्षामा छात्र र छात्राको संख्यात्मक सहभागितामा छात्राको संख्या बढी देखिएको छ ।
- जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार पारिएको स्थिति पत्रमा बालिकाहरूको पोषणको अवस्था सन्तोषजनक नरहेको साथै उमेर अनुसारको तौल नहुने ५ बर्षभन्दा कम उमेरका बालिकाहरू २८ प्रतिशत र कम उचाई हुने बालिकाहरू ३९.५० प्रतिशत रहेको उल्लेख गरिएको छ ।
- उक्त पत्रमा नेपालमा १५ देखि १९ बर्षका १७ प्रतिशत किशोरीहरू किशोर अबस्थामा नै आमा भईसक्छन् अर्थात पहिलो बच्चा जन्माउन गर्भवती हुने गरेको उल्लेख गरिएको छ ।

- नेपालका २८ प्रतिशत बिद्यालयहरूमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै शौचालयको व्यवस्था नभएको साथै ८३ प्रतिशत किशोरीहरूले महिनावारी भएको समयमा कपडा र केवल १५ प्रतिशत किशोरीहरूले मात्र स्यानीटरी प्याड (Sanitatory Pad)को प्रयोग गर्ने  गरेको उल्लेख गरिएको छ ।

- कान्तिपुर दैनिकमा प्रकाशित समाचार अनुसार नेपालमा ५ देखि १९ बर्षका बालबालिका र किशोर-किशोरीमा हुने मोटोपना पछिल्ला ४० बर्षमा २९ गुणाले बढेको छ। यो समस्या कमसल खानाले गर्दा बढेको उल्लेख गरिएको छ।

- उक्त समाचारमा नेपालमा ५ देखि १९ बर्ष उमेर समुहका १३ जना मध्ये १ जनामा मोटोपनाको समस्या छ । बढी तौल र मोटोपना आर्थिक अवस्था र घरको खाद्य सुरक्षासँगै बढ्ने गरेको उल्लेख गरिएको छ।

- साथै एकातर्फ मुलुकमा बालबालिकामा मोटोपनाको समस्या बढ्दै गएको छ भने अर्कोतर्फ अझै ११ लाख बालबालिका कुपोषणले गर्दा पुड्का छन् । करिब २ लाख ९० हजार बालबालिका ख्याउटे हुनुको साथै १३ लाख बालबालिकामा भिटामिन ए, आइरन जस्ता आवश्यक पोषक तत्वको कमी रहेको कुरा कान्तिपुर दैनिकको समाचारमा उल्लेख गरिएको छ ।

- केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण, २०७१ अनुसार ५ देखी १७ वर्ष उमेर समुहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाईएको छ।

- राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमन प्रतिबेदनकबाट बाल श्रमले गर्दा बालबालिकाको, जीवनको अधिकार, शिक्षाको,

स्वास्थ्यको, पोषणको, सहभागिता र विकास लगायतका सबै अधिकारबाट बञ्चित हुनुका साथै जोखिमपूर्ण काम गर्न बाध्य पारिएको कुरा उल्लेख गरिएको छ ।

- आयोगको उक्त प्रतिबेदनमा १८ वर्ष मुनिका बालबालिकाहरू विवाह गरी श्रीमान् श्रीमती नै कामदारका रूपमा काम गर्दै आएको र १८ वर्षभन्दा मुनीका कामदारका रूपमा रहेका बालबालिकाहरूले उमेर ढाट्ने गरेको साथै वभिन्न जिल्लाबाट आउने बालबालिकाले छोटो समयमा प्रेम विवाह गर्ने र सानै उमेरमा बालिकाहरू गर्भवती हुने गरेको कुरा आयोगको प्रतिबेदनमा उल्लेख गरिएको छ ।
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७५ अनुसार नेपालमा लगभग १३ लाख किशोरीहरू बालबिबाहको जोखिममा रहेका छन् । विश्व परिबेशमा जस्तै नेपालमा पनि बढीजसो बालिका एवम् किशोरीहरू नै बाल विवाहबाट प्रभावित भएको पाइन्छ ।
- केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ (Population Monograf) सन् २०१४, भाग २ अनुसार १० देखि १८ बर्ष उमेर समुहका बालबालिका मध्ये २६.३ प्रतिशत बालबालिकाको बिबाह भएको पाइन्छ ।
- दक्षिण एशियामा बालबिबाह बढी हुने मुलुकहरू मध्य बंगलादेश र भारत पछि नेपाल तेश्रो स्थानमा रहेको कुरा उक्त मोनोग्राफामा उल्लेख गरिएको छ ।
- बाल बिवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ मा उल्लेख गरिए अनुसार बालकको तुलनामा संख्यात्मक रूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको पाइन्छ । यसो हुनुमा महिलाभन्दा पुरूषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवम् सांस्कृतिक मान्यता, लैंगिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् ।

- नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०११ (NDHS, 2011) ले गरेको सर्वेक्षण अनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ भने यही उमेर समूहका ११ प्रतिशत मात्र पुरूषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको पाइन्छ।
- नेपालमा बाल बिवाहको दर विकास क्षेत्र, बसोवास क्षेत्र, आर्थिक-सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताहरूका आधारमा फरक फरक रहेको कुरा उक्त सर्वेक्षणमा उल्लेख भएको छ।
- राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्ने गरेको त्यसमाथि पनि अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बाल विवाहको बढी जोखिममा रहेको पाईएको छ।
- बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति २०७२ मा उल्लेख भए अनुसार देशका केही विशेष क्षेत्रहरूमा बाल विवाहको दर उच्च रहेको पाइएको छ। मधेशी समुदायका साथै सीमान्तकृत समूहहरू जस्तै दलित, जनजाति र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ।
- एटविनको (ATWIN) अर्ध बार्षिक प्रकाशन अनुसार महिला तथा बालबालिकाहरू नै बढी यौनशोषण, यौन उत्पीडन तथा बेचबिखनको मारमा पर्ने गरेको कुरा संयुक्त संयुक्त राष्ट्रसंघले अध्ययन गरेको मानव बेचबिखन सम्बन्धी ग्लोबल प्रतिबेदन २०१८ ले जनाएको छ। जस अनुसार ३५ प्रतिशत महिला तथा बालिकाहरू मानव बेचबिखन तथा यौन शोषणमा परेको तथ्याङ्कले पुष्टि गरेको छ।

- भारतीय यौनबजारमा नेपाल, बंगलादेश तथा भारत भित्रकै महिला र बालिकाहरूको संख्या अत्याधिक रहेको त्यस मध्य २६ प्रतिशत पीडितहरू १८ बर्षभन्दा कम उमेरका व्यक्तिहरू रहेका छन् साथै हरेक बर्ष करिब १ हजार महिला तथा बालिकाको भारतबाट उद्धार गरी फर्काउने गरिएको मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिबेदन, २०७६ मा उल्लेख गरिएको छ।

- उक्त प्रतिबेदनमा उल्लेख गरिए अनुसार बालबालिका खोजतलास केन्द्र (१०४) को तथ्याङ्क अनुसार आ. व. २०७५ / ७६ को चैत्र मसान्तसम्ममा २४८१ जना बालबालिका हराएको भनी निवेदन परेकोमा १२२४ जना बालबालिका फेला परेको र बाँकी १२५७ जना बालबालिकाको खोजी कार्य जारी रहेको बताईएको छ।

- फेला नपरेका बालबालिका सबै बेचबिखनमा परे भनेर भन्न सकिने आधार नभएता पनि अधिकांश बालबालिका बेचबिखन, जर्बजस्ती श्रम वा अन्य हिंसाका शिकार भएको हुनसक्ने सम्भावनालाई पनि नकार्न नसकिने आयोगको प्रतिबेदनमा उल्लेख गरिएको छ।

- नेपाल प्रहरीले आयोगलाई उपलब्ध गराएको तथ्याङ्कलाई आधार मान्ने हो भने आ.ब. २०७५/ ७६ को चैत्र मसान्तसम्ममा हराएका करिब ३८ प्रतिशत मानिसहरू फेला पर्दैनन् जसमध्ये अधिकांश महिला र बालिकाहरू रहेका छन्।

- नेपाल प्रहरीका ११ जिल्लाबाट प्राप्त तथ्याङ्क अनुसार गत आ.व. मा मात्र ३३३२ जनालाई भारतको सीमा नाकाबाट फर्काईएको छ जसमध्ये ४६ प्रतिशत महिलाको संख्या रहेको छ भने १४ प्रतिशत बालबालिका रहेको आयोगको प्रतिबेदमा उल्लेख गरिएको छ।

- केन्द्रीय बाल कल्याण समितिको प्रतिबेदन (२०७५) अनुसार आ.ब. (२०७४/७५) मा २३३० बालबालिकाहरू हराएको र त्यसमध्ये

४४ प्रतिशत (१०१७) मात्र फेला परेको अभिलेख बालबालिका खोजतलास केन्द्रको तथ्याङ्कले देखाउँछ ।

- हराएकामध्ये पनि अधिकांश (६० प्रतिशत) बालिका हुनु र फेला पर्ने दर पनि बालकको (४४ प्रतिशत) तुलनामा बालिकको (४३ प्रतिशत) मात्र हुनुले पनि हराएका र फेला नपरेका बालबालिका बेचबिखनको शिकार भएको अनुमान गर्न सकिने भनि प्रतिबेदनमा उल्लेख भएको छ ।

- नेपाल प्रहरीको तथ्याङ्क अनुसार १८० जना बालबालिका बेचखिनको घटनाबाट पीडित भएको तथ्याङ्क नेपालमा बालबालिको स्थिति प्रतिबेदन २०७५,मा केन्द्रीय बाल कल्याण समितिले उल्लेख गरेको छ ।

- द फ्रिडम फन्ड (The Freedom Fund) ले २०१८ मा गरेको अध्ययन अनुसार काठमाण्डौ उपत्यकामा मनोरञ्जन ब्यवसायमा करिब १७ सय बालबालिकाहरू कार्यरत रहेको पाइन्छ ।

- राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको अध्ययन प्रतिबेदन (जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवम् न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहिता बिषयक अध्ययन प्रतिबेदन, २०७६) अनुसार जबरजस्ती करणीमा परेका पीडित र पीडकको उमेर विश्लेषण गर्दा बढी पीडित १८ बर्ष भन्दा कम उमेर समुहको रहेको देखाएको छ ।

- त्यसैगरी पीडकको उमेर समुहमा सबैभन्दा बढी १९ देखि ३५ बर्ष उमेर समुहको वयस्क पीडकहरू संलग्न रहेको पाईन्छ ।।

- जबरजस्ती करणीमा परेका पीडितहरू मध्ये धेरै जनजाती र दलित समुदायका रहेको पाइन्छ भने पीडकहरू मध्ये ३० प्रतिशत जनजाती पीडक रहेको उक्त आयोगको अध्ययन प्रतिवेदनले देखाएको छ ।

# ५. राष्ट्रिय मानव अधिकार आयोग र बाल अधिकार

नेपालको संविधानले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा २४९ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान, सरंक्षण र सम्वद्धर्न तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख हुनुका साथै उल्लिखित कर्तव्य पुरा गर्नका लागि आयोगले गनुर्पर्ने काम तथा अधिकारको सम्बन्धमा समेत स्पष्ट रूपमा उल्लेख गरिएको छ। आयोगको संविधान तथा ऐन प्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई निम्न ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको छ ।

१. मानव अधिकार संरक्षण,

२. मानव अधिकार सम्वर्द्धन र

३. उल्लेखित दुवै कार्यका लागि आवश्यक पहल तथा वकालत गर्ने ।

आयोगलाई प्राप्त संबैधानिक तथा कानूनी अधिकार मार्फत बाल अधिकार महासन्धिमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भए नभएको अनगुमन गर्ने, सम्बन्धित विषयका उजरीहरू ग्रहण गर्ने, अनसुन्धान गर्ने र नेपाल सरकार समक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निदर्शेन पालना वा कायार्न्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम सार्वजनिक गरी अभिलेख राख्ने जस्ता संरक्षणात्मक कार्यहरू गर्दछ। यसैगरी बाल अधिकारको उल्लङ्घन र दुरूत्साहन रोक्ने सम्बन्धमा छानविन एवम् अनसुन्धान गर्ने नेपाल सरकार मातहतका विभिन्न निकाय बालसुधारगृह, कारागार, थुनुवा केन्द्रहरू वा कुनै संस्थाको अवलोकन

भ्रमण, नीरिक्षण गरी त्यस्ता निकाय वा संस्थाहरूको काम कारबाही, भौतिक सुविधा, जनजिवीका र मानव अधिकार सम्बन्धी विषयवस्तुहरूमा आवश्यक सुझाव दिने, मानव अधिकार सम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने समेतका संरक्षणात्मक कायर्हरू पनि आयोगले गर्दै आईरहेको छ । बाल अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार सङघ् सस्था र सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने समेतका सर्म्वद्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहको छ ।

## सर्म्वद्धनात्मक कार्य

सर्म्वद्धनात्मक कार्य अन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सम्मेलन गर्ने, विद्युतीय लगायत विभिन्न सञ्चार माध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पस्तक, पाष्टिर एवम् आयोगका गतिविधि र बाल अधिकारका क्षेत्र मा उपयोगि हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने बाल अधिकार शिक्षाको प्रचार-प्रसार गर्ने समेतका कार्यहरू पर्दछन् ।

बाल अधिकार महासन्धि र सो को ऐच्छिक आलेख लगायतका दस्तावेज कार्यान्वयनका लागि नेपाल सरकारलाई महासन्धि र ऐच्छिक आलेखहरूमा उल्लेखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, बाल अधिकार विषयक महासन्धि र ऐच्छिक आलेखमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको रहेको छ । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैह्र सरकारी संघ संस्थाहरु, नेपाल सरकार र विदेशी संघ संस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ । बालबालिका शान्ति क्षेत्र हुन भन्ने विश्वव्यापी नारामा आयोगले समर्थन जनाउँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै

आएको छ । बालबालिकालाई बाल अधिकारबारे सचतेना अभिवृद्धि गर्ने उद्देश्यले विद्यालयमा बाल अधिकारको पाठ्यक्रम सामाग्री निर्माण लगायत प्रचार-प्रसार सम्बन्धी कार्यहरू गर्दै आएको छ ।

आयोगले सार्वजनिक सुनुवाई, अनुभव आदान-प्रदान, तालिम, गोष्ठी, छलफल जस्ता कार्यक्रम व्यापक रूपमा सञ्चालन गरिरहेको छ । त्यसै गरी आयोगले कानुन पुनरावलोकन सम्बन्धी कार्य पनि गर्दै आएको छ । आयोगले सरकार, राज्यको निकाय वा अधिकारी एवम् बाल अधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, बालक्लब, विद्यालय, शिक्षक लगायतसँग बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनको निम्ति सहकार्यलाई निरन्तरता दिँदै आएको छ । आयोगले आफनो प्रतिनिधित्व गर्दै विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरू तथा अन्तराष्ट्रिय स्तरमा समेत आफनो सम्बन्ध बिस्तार गर्दै आईरहेको छ ।

## आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको संविधान र मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफना् गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्त अनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिना भित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Institutions) को अन्तर्राष्ट्रिय समन्वय समिति (GANHRI) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ ।

नेपाल संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि १९८९ को पक्ष राष्ट्र

भएकोमा नेपाल सरकार र बिभिन्न गैरसरकारी संस्थाहरूको तर्फबाट बाल अधिकार समितिमा पेश हुने प्रतिवेदनहरूमा आयोगले सल्लाह, सुझाव तथा पृष्टपोषण (Feedback) प्रदान गर्दै आईरहेको छ । यसैगरी समितिबाट प्राप्त concluding observation हरूको प्रभावकारी कार्यान्वयनको लागि आयोगले नेपाल सरकारलाई सुझाव समेत दिदै आईरहेको छ । साथै आयोगको तर्फबाट विश्वव्यापी आवधिक समीक्षा (UPR) मा समेत प्रतिवेदन पेश गर्दै आएको र प्राप्त सुझाव कार्यान्वयनमा पहल गर्दै आईरहेको छ ।

बाल अधिकार संरक्षण र सम्वर्द्धनमा आयोगका गतिविधिहरू निम्न लिखित विषयमा केन्द्रित रहँदै आएका छन :

## संरक्षणात्मक कार्यहरू

### उजुरी ग्रहण

राष्ट्रिय मानव अधिकार आयोगमा छुट्टै उजुरी सुन्ने शाखाको स्थापना भई सो उजुरी शाखामा मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई दर्ता गरी कारबाही पक्रिया अगाडि बढाइने गरिएको छ । उजुरी शाखामा बाल अधिकार उल्लङ्घनको उजुरी लिने, परामर्श सेवा प्रदान गरिने तथा आवश्यकता अनुसार सत्यतथ्य सङ्कलनको लागि बयान लिनेसम्मको कार्य गरिन्छ । त्यसैगरी उजुरीको सम्बन्धमा आवश्यक जानकारी, सूचना, तथा प्रमाण सङ्कलनको निमित्त सम्बन्धित अधिकृत मार्फत सम्बन्धित निकायमा पत्राचार गरिने प्रारम्भिक कारबाही समेत सञ्चालन हुने गर्दछ । बाल अधिकार उल्लङ्घनको विषयलाई आयोगले प्राथमिकता साथ कारबाही प्रक्रिया अगाडि बढाउने गरेको छ । बाल अधिकारको गम्भीर उल्लङ्घनमा आयोगले स्वयम्ले विभिन्न सूचनाको आधारमा आफ्नो स्वविवेकमा समेत उजुरी लिई अनुसन्धान प्रकृया अगाडि बढाउने गरेको छ ।

## अनुगमन तथा अनुसन्धान

आयोगको मुख्य संरक्षणात्मक कार्यमा बाल अधिकारको उल्लङ्घनको विषयमा अनसुन्धान गर्नु तथा निरोधात्मक उपायको लागि अनगुमन गर्नुरहेको छ । यस क्रममा प्राप्त उजुरी उपर अनसुन्धान गर्ने तथा बाल अधिकारको अवस्थाका सम्बन्धमा विभिन्न प्रकारको अनुगमन गर्ने कार्य आयोगले निरन्तर गरिरहेको छ । अनुसन्धानको मुख्य उद्देश्य घटनाको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउनु र अनुगमनबाट बाल अधिकारको अवस्थाको बारेमा जानकारी, सूचना सङ्कलन गरी आवश्यक कारबाही अगाडि बढाउनु हो । बालगृह, धर्ना, प्रर्दशन, जुलुस, हड्ताल, बन्द तथा कारागार तथा हिरासतको अनुगमनको कार्य बाल अधिकारको सम्बन्धमा उल्लेखनीय छन् । विभिन्न अनुगमनको प्राप्त तथ्यको आधारमा बाल अधिकारको अवस्थामा सुधार ल्याउन आयोगले नेपाल सरकारलाई सिफारिस समेत गर्दै आएको छ । अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणको आधारमा दोषी उपर कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न दिने आयोगबाट सिफारिसहरू पनि हुदै आएको अवस्था छ । यस्ता सिफारिस, निर्णय तथा अनुगमन सम्बन्धी प्रतिवेदनहरू सरोकारवालाहरूको जानकारीको लागि आयोगले समय-समयमा प्रकाशन गर्दै आएको छ ।

सबै बालबालिका बिद्यालयमा भर्ना हुन नसक्ने, बिद्यालय छाड्ने उच्च दर, बन्द हड्ताल आदिबाट पठनपाठनमा परेको असर, गरिबी तथा भौगोलिक विकटता लगायतका कारणबाट शिक्षाको अधिकारबाट बालबालिका बञ्चित हुने, दुर्गम तथा अल्पसंख्यक समुदाय, दलित समुदायका बालबालिकाहरूमा अझै पनि शिक्षाको बारेमा चेतनाको कमी, सबै क्षेत्रमा बालबालिकाले भोग्नु परेका शारिरीक दण्ड सजाँय उल्लेखित रूपमा पाइएको छ ।

शहरी तथा तराई मधेशको क्षेत्रमा घरेलु बाल श्रमिक, औद्योगिक क्षेत्रमा क्रियाशिल बाल श्रमिक, यातायात क्षेत्रमा संलग्न बालश्रमिक लगायतका समस्या छन् भने पहाडि र हिमाली क्षेत्रमा बालबालिकाहरू भरियाको रूपमा समेत संलग्न भएको पाईन्छ ।

मुलुकी अपराध संहिताले बाल विवाहलाई अपराध मानेको भएता पनि तराईका क्षेत्रहरूमा हाल पनि बालविवाह गर्ने गरेको पाइएको छ । केही संस्थाहरूले बाल विवाहलाई रोक्ने तथा रोकथामका लागि बिभिन्न प्रयासहरू गरेता पनि कारवाहीको अवस्था न्यून देखिएको छ ।

निर्वाचनमा बालबालीकाको प्रयोग नर्गन युनिसेफ तथा तत्कालिन केन्द्रीय बाल कल्याण समितिसँगको समन्वय तथा सहकार्यमा सबैमा अपिल गरेको थियो र सो को अनुगमन कार्य समेत गरेको थियो ।

नेपालमा २०७२ सालमा  गएको महाभूकम्पको समयमा बालबालिकाहरू बढी जोखिममा पर्न सक्ने, बेचबिखनमा पर्न सक्ने लगायत बिभिन्न खाले हिंसाको चपेटामा पर्न सक्ने संभावनालाई मध्यनजर गरी सोको रोकथामको लागि व्यापक रूपमा अनुगमन तथा आवश्यका कार्यहरू सम्पन्न गरेको थियो ।

आयोगले नेपाल सरकारलाई बालअधिकार संरक्षण र सम्वर्द्धनको लागि नीतिगत शिफारिसहरू गरेको छ । जस्तै धर्मपुत्र सम्बन्धि कानूनी व्यबस्था गर्न, नीति संशोधन गर्न, जनचेतना र सचेतना वृद्धि गर्ने दायित्व अभिभावक वा स्वयंको हुने भएकोले त्यसतर्फ सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न भनी निर्णय गरेको छ ।

राज्यको नयाँ संरचना अन्तर्गतका सबै प्रदेश र स्थानीय सरकारले निर्माण गर्ने नयाँ कानून बालमैत्री बनाउनका लागि आयोगले पत्राचार गरेको छ । काठमाण्डौ उपत्यकाका बिभिन्न इटाभट्टामा प्रयोग भएका बालबालिकाहरूको बालश्रमको अवस्थाको बारेमा आयोगले अनुगमन तथा एक अध्ययन कार्य सम्पन्न गरेको थियो ।

यसै गरी नेपालमा व्यापक रूपमा सरोगेसी आमाबाट बालबालिका जन्माउने प्रचलन बढिरहेको बिषयलाई मध्यनजर गरी आयोगले सो बिषयमा एक अनुगमन तथा अध्ययन कार्य सम्पन्न गरेको थियो । आयोगले वार्षिक रूपमा मानव बेचबिखन सम्बन्धी अध्ययन तथा अनुगमन गरी प्रतिवेदन प्रकाशन गरी नेपाल सरकारलाई सुझाव तथा शिफारिस गर्ने गरेको छ ।

यसै गरी जबरजस्ती करणीमा परेका महिला तथा बालिकाको मानव अधिकार एवम् न्यायमा पहुँचमा नेपाल प्रहरी जवाफदेहिता बृद्धि गर्ने उदेश्य तथा पिडीत बालिकालाई न्यायमा पहुंच बढाउने उदेश्यले एक अध्ययन गरी प्रतिवेदन प्रकाशन गरी नेपाल सरकारलाई सिफारिस गरेको छ । साथै नेपालामा हालसम्म कायम रहेको छाउपडी प्रथाबाट बालीकाहरूको मृत्यु तथा हिंसा सहन बाध्य हुने हुनाले सो प्रथाको रोकथाम गर्ने उदेश्यले आयोगले छाउपडी सम्बन्धि राष्ट्रिय जाँचबुझ सम्पन्न गरी नेपाल सरकारलाई सिफारिस गरेको छ ।

### उद्धार तथा पुर्नस्थापना

अत्यन्त कठिन अवस्थामा रहेका बालबालिकाहरूको गम्भीर बाल अधिकार उल्लङ्घन भएको वा हुन लागेको अवस्थामा आयोगले त्यस्ता बालबालिकाको उद्दार गरी पुनस्थापनको लागि सम्बन्धित निकायमा पठाउने गरेको छ । मनोवैज्ञानिक परामर्शको लागि समेत विभिन्न गैरसरकारी सङ्घ, संस्थाहरूसँग आयोगले समन्वय गरिरहेको छ । यस्ता उद्दार तथा पुनस्थापना सम्बन्धी कार्यमा आयोगले केन्द्रीय बालकल्याण समिति, हाल राष्ट्रिय बाल अधिकार परिषद गैरसरकारी सङ्घ, संस्था तथा नेपाल प्रहरीसँग समन्वय गर्दै कार्य गरिरहको छ ।

बालबालिकाहरू शान्ति क्षेत्र हुन् भन्ने कुरालाई मनन् गरी राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाको सर्वोत्तम हित विपरित कुनै पनि बालबालिकालाई राजनितीक ऱ्यालीमा सहभागी नगर्न र नगराउन सम्बन्धित निकायको ध्यानाकर्षण गरेको छ ।

## ६. बालबालिका र न्यायमा पहुँच

बालबालिका ऐन, २०७५ ले बालबालिकाको न्यायमा पहुँच अभिबृद्धि गर्नुको साथै बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने उद्देश्यका साथ केही महत्वपूर्ण कानूनी व्यवस्थाहरू गरेको पाइन्छ ।

- बालबालिका ऐनको दफा ११ मा गोपनीयताको अधिकारको ब्यवस्था गरिएको छ। जसमा प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार रहेको छ । कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना , सूचना संकलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउने कार्य कानूनत निषेध गरेको छ ।

- बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट पीडित बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि आर्थिक स्थिति, कसुर वा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्ने व्यबस्था गरिएको छ ।

- दफा २६(च) मा गोपनियताको अधिकारमा कुनै हस्तक्षेप भएमा सम्बन्धित व्यक्ति सजायको भागीदार हुने व्यबस्था गरिएको छ ।

- दफा २० मा बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्नुपर्ने, बालबालिको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफनो भनाई राख्ने अवसर दिने बालबालिकासग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने व्यबस्था गरिएको छ ।

- दफा २५ मा पीडितले पीडकबाट मनासीब माफिकको क्षतिपूर्ति भराई पाउने, अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा

निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको सुविधा पाउने, बन्द इजलासबाट मुद्धाको सुनुवाई हुने, व्यतिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने व्यबस्था गरिएको ।

- दफा २६ मा बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकता अनुसार परिवार वा संरक्षको उपस्थिति माग गर्ने, बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने, दफा ५० (८) र ६९ मा पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्ने कुरा उल्लेख गरिएको छ ।
- दफा ७१ मा नेपाल सरकारले आवश्यकता अनुसार पुर्नस्थापना केन्द्र स्थापना गर्ने व्यवस्था गरिएको छ ।
- दफा ७३ मा क्षतिपूर्तिको व्यवस्था गरीएको छ  जसमा बाल अदालतले पीडित बालबालिकालाई कसुरदारबाट मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा भराइदिने गरी आदेश दिनुपर्ने, त्यस्तो आदेश गर्दा प्रचलित कानून र बालबालिका ऐन बमोजिम बालबालिका विरूद्धको कसुरको कसुरदारलाई भएको जरिबानाको रकम भन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गर्नुपर्ने तर कसुरदारबाट जरिवानाको रकम असुल हुन नसक्ने अवस्था भएमा वा त्यस्तो रकम असुल भए तापनि सो रकम बालबालिका विरूद्धको कसुरको तुलनामा न्यून वा अपर्याप्त लागेमा बाल अदालतले त्यस्ता बालबालिकालाई दफा ६३ बमोजिमको बालकोषबाट व्यहार्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्ने व्यबस्था गरेको छ ।
- सोही ऐनको दफा ३४,३५,३७ र ८१ मा मुद्धाको सुनुवाई सम्बन्धी व्यवस्था गरिएको छ । जसअर्न्तगत बालबालिकाको मुद्धा १२०

दिन भित्र किनारा गनुपर्ने, मुद्धाको कारबाही र किनारा निरन्तर गर्नुपर्ने, निर्णयमा चित्त नबुझेमा निर्णय भएको ३५ दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सकिने ,बालबालिकाले सफाई पाउने गरी भएको फैसला उपर कानूनको व्याख्या सम्बन्धी त्रुटि भएको, नजीरको गलत प्रयोग भएको  वा बुक्ष्नु पर्ने प्रमाण नबुझेको वा बुक्ष्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन नलाग्ने व्यबस्था गरेको छ।

- बालबालिका र सजायको सम्बन्धमा ऐनको दफा ३६ ले व्यबस्था गरेको छ। जसमा १० वर्षभन्दा कम उमेरको बालबालिका भए कुनै मुद्धा नचलाइने र कुनै सजाय नहुने, १० बर्ष वा सो भन्दा माथि र १४ वर्षभन्दा कम उमेरको बालबालिका भए जरिवाना हुने कसुरमा सम्झाई बुक्षाई छाडिने र कैद हुने कसुरमा कसुरको प्रकृति हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा १ बर्षसम्म बाल सुधार गृहमा राखिने, १४ वर्ष वा सो भन्दा कम उमेरको बालबालिका भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुने, १६ वर्ष वा सोभन्दा माथि र १८ वर्षभन्दा कम उमेरको बालबालिका भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने र १६ वर्ष उमेर पुरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसूर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय नगरिने व्यबस्था गरिएको छ।
- दफा ३६(५) ले सजाय स्थगन वा सजायको स्वरूपमा परिर्वतन गर्न सकिने व्यवस्था गरेको छ। जसअर्न्तगत बाल अदालतले बालबालिकाको उमेर, लिङ्ग, परिपक्ता, कसुरजन्य कार्यको प्रकुति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजायको सट्टा परिवारका कुनै सदस्य वा

संरक्षकद्वारा असल मानवीय व्यबहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन लगाउने, सेवाको प्रकृति र अवधि तोकी बालबालीकाको उमेर सुहाउदो सामुदायिक सेवामा पठाउने, निजलाई भएको सजायभन्दा बढी नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने आदि रहेका छन् ।

- दफा २७ , २८ र २९ ले दिशान्तरको अवधारणालाई आत्मासाथ गरेको पाइन्छ। कसुरजन्य कार्यको आरोप लागेको बालबालिकालाई दफा २९ अनुसार औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने प्रक्रिया नै दिशान्तरको अबधारणा हो ।

- जस अन्तर्गत बालबालिकाको इच्छा समेतलाई विचार गरी पीडकसँग मेलमिलाप वा समझदारी कायम गराउने, गल्ती महसुस गर्न लगाउने, बालबालिको हेरचाह र संरक्षण गर्ने संस्थामा पठाउने, बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी छाड्ने, बाबु आमाको वा परिवारका अन्य सदस्य वा संरक्षणको जिम्मा लगाउने आदि ।

## ७. बालबालिकासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु ।

### राष्ट्रिय कानूनी व्यवस्थाहरू :

संविधान (२०७२) मा व्यवस्था गरिएका बाल अधिकार संग सम्बन्धित महत्वपूर्ण कानूनी प्रावधानहरू :

- संबिधानको धारा १८ ले समानताको हक अर्न्तगत लैङ्गिक आधारमा भेदभाव गर्न नहुने, सामान्य कानूनको प्रयोगमा सबै नागरिक समान रहने व्यवस्था गरेको छ ।

- त्यसै गरी धारा ३८ अन्तर्गत महिलाको हकमा उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने ।

- उपधारा (२)  प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वाथ्य सम्बन्धी हक हुने ।
- उपधारा (३) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै  आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने ।
- उपधारा (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुने ।
- उपधारा (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ ।
- संविधानको धारा ३९ को उपधारा (१) ले प्रत्येक बालबालिकालाई आफनो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने ।
- उपधारा (२) ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वाथ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरन्जन तथा सवाङ्गींण व्यक्तित्व विकासको हक हुनेछ ।
- उपधारा (३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- उपधारा (४) ले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- उपधारा (५) ले कुनै पनि  बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था गरेको छ ।

- उपधारा (६) ले कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समुहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, योनजन्य वा कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको ।
- उपधारा (७) ले कुनै पनि बालबालिकालाई घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको छ ।
- उपधारा (८) ले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ  भन्ने व्यवस्था गरेको छ ।
- धारा ४२ सामाजिक न्यायको हक अर्न्तगत समाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती,मधेशी, थारू, अल्यसंख्यक, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान,मजदुर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने व्यवस्था गरिएको छ ।
- धारा ५१ ले राज्यका नीतिहरू अन्तर्गत, (ञ) मा सामाजिक न्याय र मसावेशीकरण सम्बन्धी नीतिको व्यबस्था गरिएको छ भने सोही धाराको
- (ञ) को  (५) मा बालबालिकको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने व्यबस्था गरिएको छ ।

**बालबालिका सम्बन्धि ऐन, २०७५ मा व्यवस्था गरिएका बाल अधिकार संग सम्बन्धित महत्वपूर्ण कानूनी प्रावधानहरू :**

नेपालको संविधानले बालबालिको हकलाई मौलिक हकको रूपमा स्थापित गरिसकेपछि मौलिक हकको कार्यान्वयन तथा नेपालले बाल

अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन २०४८ मा समय सापेक्षिक सुधार गरी बालबालिका सम्बन्धी ऐन, २०७५ जारी गरिएको पाइन्छ। यस ऐनले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को मूलभूत सिद्धान्तहरूलाई समेत आत्मासाथ गरेको छ।

- ऐनको परिच्छेद २ मा बाल अधिकार अर्न्तगत दफा ३ मा बाँच्न पाउने अधिकार, दफा ४ मा नाम, राष्ट्रियता र पहिचानको अधिकारको व्यवस्था, दफा ५ मा भेदभाव विरूद्धको अधिकारको व्यबस्था गरिएको छ।
- दफा ६ मा बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारको व्यवस्था, दफा ७ मा संरक्षणको अधिकार, दफा ८ मा सहभागिताको अधिकारको व्यबस्था गरिएको छ।
- दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, दफा ११ मा गोपनीयताको अधिकारको व्यबस्था गरिएको छ।
- दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, दफा १३ मा पोषण तथा स्वाथ्यको अधिकार, दफा १४ मा खेलकुद मनोरञ्जन तथा साँस्कृतिक अधिकार, दफा १५ मा शिक्षाको अधिकारको व्यबस्था गरिएको छ।
- ऐनको परिच्छेद ३ मा बालबालिका प्रतिको दायित्व अर्न्तगत दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व र दफा १९ मा संचार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरू समावेश गरिएका छन्।
- ऐनको परिच्छेद ४ मा बाल न्याय अर्न्तगत विभिन्न प्रावधानहरूको व्यवस्था गरिएको छ।

- ऐनको परिच्छेद ५ मा बालिकाको विशेष संरक्षण र पुनर्स्थापना अन्र्तगत दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा बैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षणको व्यवस्था, दफा ५१ मा बाल संरक्षणको नियुक्त गर्ने वा तोकने, दफा ५२ मा बालगृहको स्थापना तथा संचालन लगायत दफा ५७ मा बाल संरक्षण सम्बन्धी मापदण्डका विषयहरू समावेश भएका छन् ।
- ऐनको परिच्छेद ६ मा बाल अधिकार तथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था अन्र्तगत दफा ५९ मा राष्ट्रिय बाल अधिकार परिषद, दफा ६० मा प्रदेश र स्थानीय तहको बाल अधिकार समिति, दफा ६१ म बाल कल्याण अधिकारी, दफा ६२ मा समाजसेवी तथा बाल मनोविज्ञ लगायत दफा ६३ मा बाल कोषको विषयका प्रावधानहरू रहेका छन् ।
- ऐनको परिच्छेद ७ मा बालबालिकाको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन सम्बन्धि प्रवधानहरू उल्लेख गरिएका छन् ।
- ऐनको परिच्छेद ८ मा बालबालिका विरूद्धको कसुरको व्यवस्था गरिएको छ ।
- ऐनको परिच्छेद ९ मा सजाय, क्षतिपुर्ति तथा मुद्धा हेर्ने अधिकारीको विषयहरूको सम्बन्धमा व्यवस्था गरिएको छ ।
- ऐनको परिच्छेद १० मा विविध अन्र्तगत दफा ७७ मा बालबालिकाको कर्तव्य अन्र्तगत बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बाबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्ग दर्शन र निर्देशनको पालना गर्नु सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तब्य हुने भन्ने व्यवस्था गरिएको छ ।

## अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू

**बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ मा भएका बाल अधिकारसँग सम्बन्धित महत्वपूर्ण कानूनि व्यवस्थाहरू :**

- महासन्धीको प्रस्तावनामा संयुक्त राष्ट्रसंघको आधारभूत सिद्धान्तहरू र मानव अधिकार सन्धिहरू तथा घोषणामा केही निश्चित तथा सम्बद्ध प्रावधानलाई स्मरण गर्दै बालवालिकाहरूको विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरालाई (समर्थन) आत्मसाथ गर्दै प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तरदायित्व जन्मनु अघि र पछि बालवालिकालाई आवश्यक पर्ने र अन्य सुरक्षा र समुदायको सांस्कृतिक मूल्यहरू प्रतिको आदर बाल अधिकार साकार पार्नमा अर्न्तराष्ट्रिय सहयोगको प्रमुख भूमिका माथि जोड दिएको छ ।

- महासन्धीले वाल अधिकार सम्बन्धमा महत्वपूर्ण निर्णयहरू पारित गरे पनि संसारका सवै वर्गका वालवालिकाका लागि उनिहरूको संरक्षण, स्वास्थ्य र स्वास्थ्य सेवाहरू, शिक्षाको उद्देश्य, बालश्रम, यौन शोषण, वेचविखन, ओसारपसार, यातना, शसस्त्र संघर्ष जस्ता विशेष व्यबस्था गरेको छ ।

- बालकहरूको संरक्षणका सम्बन्धमा महासन्धीको धारा ८ मा बालबालिकाको परिचयको संरक्षण गर्ने राज्यको दायित्वको व्यवस्था गरिएको छ, भने धारा १६ मा बालवालिकाको निजीपना, परिवार गोपनियताको संरक्षणको लागि राज्यले चाल्नुपर्ने कदम आदिको व्यवस्था गरिएको छ ।

- बाल अधिकार सम्बन्धी महासन्धि को धारा २४ उपधारा २ (ग) प्रदुषित वातावरणबाट बालबालिका जोगाउनु राज्यको दायित्व हुने व्यबस्था छ ।

- महासन्धीको धारा ३४ ले राज्य पक्षहरूले वालवालिकाहरूलाई सबै खालको यौन शोषण र दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा उक्त महासन्धीमा उल्लेख गरिएको छ ।

- त्यसैगरी महासन्धीको धारा ३५ ले बालवालिकाहरूलाई कुनै पनि किसिमले कुनै पनि उद्देश्यका लागि वेचविखन, ओसार-पसार र अपहरणलाई रोकथाम गर्ने प्रयास गर्नु राज्यको दायित्व हो भनी स्पष्ट व्यबस्था गरेको छ ।

- महासन्धीको धारा ३६ ले बालवालिकाहरू कोमल हृदयका र सोच्न र वुझ्न नसक्ने संवेदनशील विचारको भएका हुनाले उनीहरूलाई यातना र स्वतन्त्रताको अपहरणका बारेमा सन्धीमा यातना, क्रुर व्यवहार वा सजाय, मृत्युदण्ड, आजीवन कारावास र गैर कानुनी गिरफ्तारी अथवा स्वतन्त्रताबाट वञ्चित यस्ता कुरा माथि प्रतिबन्ध लगाई उपयुक्त व्यवहार, वयस्क वन्दीहरूबाट अलग राखिनु पर्ने, परिवारसँगको सम्पर्क र कानूनी तथा अन्य सहयोगको प्राप्ति गर्ने जस्ता बालबालिकाका मानव अधिकारका बिषयहरू महासन्धीमा उल्लेख गरिएको छ ।

नेपाल पक्ष राष्ट्र रहेका अन्तराष्ट्रिय मानव अधिकार कानूनहरूमा व्यवस्था गरिएका बाल अधिकारसँग सम्बन्धित महत्वपूर्ण कानूनी व्यस्थाहरू :

महिला बिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी १९७९ ले गरेका महत्वपूर्ण व्यवस्थाहरू ।

- महिला र बालिकालाई समाजका सबै क्षेत्रमा पुरूष र बालक सरह समान अधिकार प्रत्याभूत गरिनुपर्ने ।

- कुनै पनि रूपमा महिला र बालबालिकालाई भेदभाव गर्न नहुने ।
- बाल विवाहलाई कानूनत निषेधित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गनुपर्ने ।

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी,२००६ ले अपाङ्गता भएका बालिकाहरूले थप जोखिमता र भेदभाव भोग्नुपर्ने अवस्थालाई स्वीकार गर्दै राज्यले अपाङ्गता भएका महिला र बालिकाहरूलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## ८. बाल अधिकार सम्बन्धी महासन्धीको सञ्चार प्रक्रिया सम्बन्धी तेस्रो इच्छाधीन आलेख (Optional Protocol to the Convention on the Rights of the Child on a Communication Procedure)

### पृष्ठभूमी

मानव अधिकारको सम्मान, संरक्षण र त्यसको परिपूर्ति गर्नु राज्यको दायित्व हो । राज्यको उक्त दायित्व निर्वाह गर्नु सरकारको कार्य हो । मानव अधिकार विश्वव्यापी चरित्रको भएको हुनाले यसलाई आधारस्तम्भ वनाई अगाडि बढनु आजको आवश्यकता हो । मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित हरेक विषय मानव अधिकार हो । मानव अधिकारका कुनै पनि विषय सानो र कुनै ठुलो नभई सबै समान महत्वका हुन्छन् । यसै मर्मलाई आत्मसात गरी संयुक्त राष्ट्र संघले विभिन्न

सन्धी, महासन्धी, अनुवन्ध, आलेख, घोषणापत्र आदि पारित गर्दै आइरहेको छ । कुनै पनि कुरा सधैका लागि पूर्ण हुदैन । त्यसैले होला कुनै समस्या सम्बोधनका लागि निर्माण भएको कुरा समय अन्तरातल पछि परिमार्जन, संशोधन वा थप व्यवस्थाको खोजी गर्दछ । चाहे त्यो अन्तर्राष्ट्रिय स्तरमा भएको विषय होस् वा राष्ट्रिय स्तरमा भएको विषय होस् । मानव अधिकार सन्दर्भमा संयुक्त राष्ट्रसंघको स्थापना पश्चात विश्वव्यापी मानव अधिकारको प्रभावकारी सम्मान र संरक्षण हेतु अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरूको निर्माण भएको छ । अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनहरू दुई किसिमका हुन्छन । एक कडा कानून र दोस्रो नरम कानून । हस्ताक्षर गरी अनुमोदन गरेपछि कार्यान्वयन गर्नेपर्ने कानूनहरू कडा कानून हुन । हस्ताक्षर वा अनुमोदन गरेपश्चात कार्यान्वयन नगर्दा पनि खासै फरक नपर्ने प्रकृतिका कानून नरम कानून हुन ।

संयुक्त राष्ट्रसंघबाट पारित मानव अधिकार सम्बन्धि महासन्धिहरू कडा कानून हुन भने घोषणापत्र, सिद्धान्तहरू नरम कानुन हुन । कडा कानूनको रूपमा मानव अधिकार सम्बन्धि प्रमुख ९ वटा महासन्धिहरू रहेका छन । जसमध्ये नेपालले ७ वटा महासन्धिहरूको अनुमोदन गरी पक्ष राष्ट्र भइसकेको छ । संयुक्तराष्ट्र संघबाट पारित महासन्धिहरू मध्ये विश्वका सबै राष्ट्रले अनुमोदन गरेको महासन्धि बाल अधिकार सम्बन्धि महासन्धि, १९८९ हो । जसलाई नेपालले पनि अनुमोदन गरिसकेको छ । यस महासन्धिको ३ वटा इच्छाधिन आलेखहरू: शसस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, बालअधिकार सम्बन्धी महासन्धिको बालबालिकाको वेचविखन, बाल वेश्यावृति र बालबालिकाको अश्लील चित्रण विरूद्धको इच्छाधीन आलेख र बाल अधिकार सम्बन्धी महासिन्धको सञ्चार प्रक्रिया सम्बन्धी तेस्रो इच्छाधीन आलेख रहेका छन । जसमध्ये २ वटा आलेखलाई पनि

नेपालले अनुमोदन गरिसकेको छ भने तेस्रो आलेखलाई नेपालले हालसम्म अनुमोदन गरेको छैन ।

मानव अधिकारको सम्मान र सरंक्षण सम्बन्धमा कुनै विषयमा गरिएको व्यवस्था आफैमा पूर्ण हुन सक्दैन जवसम्म त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । अधिकारवालाले अधिकारको उपभोग गर्न पाएन र कर्तव्यवालाले अधिकारवालाको अधिकार उपभोग गर्ने वातावरण निर्माण गर्न सकेन भने मानव अधिकार सम्बन्धी सारभूत व्यवस्थाले मात्र अर्थ राख्दैन । व्यवस्थालाई व्यहारमा उतार्नको लागि त्यसको कार्यान्वयन सम्बन्धी कुराले पनि त्यतिकै महत्व राख्दछ । यदि कुनै व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण राज्यले गर्न सकेन भने त्यसको निदान पनि उसले पाउनु पर्दछ । यस अर्थमा निदान विनाको व्यवस्था अधुरो हुन्छ ।

संयुक्त राष्ट्रसंघबाट पारित सबै महासन्धिमा व्यक्तिगत उजुरी दिने सम्बन्धी प्रावधान नरहेजस्तै बाल अधिकार महासन्धि र त्यसको दुवै आलेखहरूमा उजुरी सम्बन्धी व्यवस्था भएको छैन । त्यसैले उक्त महासन्धि र इच्छाधिन आलेखहरूमा भएको मुताविक कसैको बाल अधिकार संरक्षण हुन सकेन भने अधिकार संरक्षण सम्बन्धमा कहाँ जाने, उजुरी कहाँ दिने, त्यसको सुनवाई कसरी हुने, कसले गर्ने इत्यादी सम्बन्धमा तेस्रो आलेखमा व्यवस्था गरिएको छ ।

तेस्रो आलेखमा बाल अधिकार सम्बन्धमा नयाँ व्यवस्था केही पनि गरिएको छैन । बाल अधिकार महासन्धि र तत्पश्चात जारी भएका दुवै इच्छाधिन आलेखमा भएका व्यवस्थाहरूको संरक्षण राष्ट्रिय तहमा हुनसकेन भने अन्तर्राष्ट्रिय स्तरमा निदान पाउने सम्बन्धमा मात्र व्यवस्था गरिएको छ । जसलाई बाल अधिकार सम्बन्धीको सञ्चार प्रक्रिया सम्बन्धी इच्छाधिन आलेख भनि नामाकरण गरिएको छ । बाल अधिकार महासन्धि, १९८९

को सवैभन्दा बढी १९६ पक्षराष्ट्र छन । पहिलो आलेखको १७० र दोस्रो आलेखको ४५ र तेस्रो आलेखको ४६ पक्ष राष्ट्र भइसकेका छन ।

## तेस्रो इच्छाधिन आलेख र यसको महत्व

संयुक्त राष्ट्रसंघीय मानव अधिकार महासन्धिहरूमा भएको व्यवस्था पक्ष राष्ट्रले कार्यान्वयन के कसरी गरिरहेको छ भनी मापन गरी आवश्यक सुझाव तथा सिफारिस गर्नका लागि प्रत्येक महासन्धिको लागि समिति निर्माण गरिएको छ । जसलाई सन्धिजनित समिति (Treaty Based Committee) भनिन्छ । प्रमुख ९ महासन्धिहरूको लागि ९ वटा समिति (CCPR, CERD, CAT, CEDAW, CRPD, CED, CMW, CESCR and CRC) स्थापित छन । जसमध्ये ८ समितिलाई मात्र व्यक्तिगत उजुरी सुनुवाई गर्ने अख्तियार प्राप्त छ । CMW लाई व्यक्तिगत उजुरी उपर सुनुवाई गर्ने अख्तियार छैन । बाल अधिकार महासन्धिको लागि बाल अधिकार समिति (Child Rights Committee) निर्माण भएको छ ।

नेपालले अनुमोदन गरेको प्रमुख ७ महासन्धि मध्ये ३ महासन्धि ICCPR, CEDAW, CRPD को हकमा व्यक्तिगत उजुरी प्रक्रिया र ति दुई सहित थप एक गरी ३ महासन्धि CAT (Article 20), CEDAW (article 8-9), CRPD (article 6-7) को हकमा सोधपुछ प्रकिया स्वीकार गरेको छ ।

सन्धि जनित समितिले सम्बन्धित महासन्धिको कार्यान्व्यन अवस्था बुझि सम्बन्धित पक्ष राष्ट्रलाई आवश्यक सल्लाह, सुझाव र सिफारिस गर्नुका साथै उक्त महासन्धिसित सम्बन्धित अधिकारको उल्लघंन वा ज्यादती सम्बन्धमा प्राप्त उजुरी उपर सुनुवाई प्रकिया चलाई आवश्यक निर्णय पनि लिन सक्दछ । बाल अधिकार सम्बन्धी महासन्धि र दुई इच्छाधिन

आलेखमा भएको व्यवस्था मुताविक कसैको बाल अधिकार उल्लघंन वा ज्यादती भएको खण्डमा अधिकार संरक्षणका लागि बाल अधिकार समिति समक्ष उजुरी दिन सक्दछ । उजुरी कसले दिने, कसरी दिने, उजुरी के कुन अवस्थामा दिने, कुन अवसथामा ग्राहय अग्राहय हुने, उजुरी उपर सुनुवाई प्रक्रिया कसरी संचालन गर्ने इत्यादी विषयमा वृहत व्यवस्था यस इच्छाधिन आलेखमा गरिएको छ ।

## उजुरी प्रक्रिया

उजुरी प्रकिया ३ किसिमको रहेको देखिन्छ । तिनै किसिमको प्रक्रिया वा सो मध्ये कुनै एक मात्र पनि पक्ष राष्ट्रले स्वीकार गर्न सक्दछ । १. व्यक्तिगत उजुरी प्रणाली (Individual Complaint Mechanism), २.सोधपुछ प्रक्रिया (Inquiry Procedure) र ३. अन्तरदेशिय सञ्चार प्रक्रिया (Inter State Communication Procedure) .

व्यक्तिगत उजुरी प्रणाली अनुसार कसैको बाल अधिकार उल्लघंन भएको खण्डमा पीडित आफैले वा पीडितको तर्फबाट अरू कसैले बाल अधिकार समिति समक्ष उजुरी दिन सक्दछ । त्यस्तै सोधपुछ प्रक्रिया भनेको यदि संरचनागत तरीकाले बाल अधिकारको उल्लघंन वा हनन भएको कुरा समितिलाई प्राप्त भएको छ भने त्यसको आधारमा सम्बन्धित राष्ट्रसंग सोवारे सोधपुछ गर्ने प्रक्रिया नै सोधपुछ प्रक्रिया हो । त्यस्तै अन्तरदेशीय सञ्चार प्रक्रिया भनेको सन्धि अन्तर्गतको दायित्व एक राज्यले पुरा नगरेको खण्डमा अर्को राज्यले समितिसमक्ष गर्ने प्रक्रियानै अन्तरदेशिय सञ्चार प्रक्रिया हो ।

## व्यक्तिगत उजुरी दिनसकिने आधार

यस इच्छाधिन आलेख अनुसार बाल अधिकार समितिमा उजुरी दिन पाउनको लागि सर्वप्रथमतः यस आलेखलाई अनुमोदन गरी पक्ष राष्ट्र

वनेको हुनुपर्दछ । तत्पश्चात आलेखमा रहेको उजुरी प्रक्रिया सम्बन्धि सक्षमतालाई पक्षराष्ट्रले स्विकार गरेको हुनुपर्दछ। उजुरी बाल अधिकारको उल्लङ्घंन वा ज्यादतिका कुरामा सिमित हुनुपर्दछ । तर यो उजुरी दिनु पूर्व सम्बन्धित पीडितले राष्ट्रिय स्तरमा न्याय नपाएको वा न्यायको लागि प्रक्रिया अगाडी बढाएकोमा सम्बन्धित निकायबाट अबान्छित ढिलाई भएको हुनुपर्दछ ।

## उजुरी अग्राहयताको आधार

- उजुरी वेनामे भएमा,
- उजुरी लिखित रूपमा नभएमा,
- उजुरी दिन पाउने अधिकारको दुरूपयोग भएको भनी समितिको ठम्याई भएमा,
- आलेखमा भएको प्रावधानसँग मेल नखाएमा,
- दर्ता गर्न खोजिएको उजुरी विषय उपर समितिले पहिले नै जाँचवुझ गरिसकेको वा अन्य क्षेत्रीय सन्यन्त्रमा विचाराधीन अवस्थामा रहेको खण्डमा,
- पक्षराष्ट्रको घरेलुस्तरमा उपलब्ध सम्वन्धित सबै सन्यन्त्रबाट न्यायको लागि प्रक्रिया नचालेको वा चालेको भएपनि ती सन्यन्त्रबाट अनावाश्यक ढिलाई भएको कुरामा,
- उजुरी झुट्ठा भएमा वा पर्याप्त जानकारी उल्लेख नगरिएमा,
- पक्षराष्ट्र हुनुपूर्व नै उजुरी गरिएको भएमा,
- घरेलु सवै कानूनी उपचार प्रक्रिया पुरा गरेको एक बर्षभित्र उजुरी नदिएको भएमा ।

## उजुरी कारवाही प्रक्रिया

समितिले उजुरी ग्रहण गरेपछि सर्वप्रथम सो को जानकारी पक्ष राष्ट्रलाई गराउँदछ । त्यसपछि विवाद समाधानको लागि मैत्रीपूर्ण प्रक्रिया अगाडि बढाउछ । मैत्रीपुर्ण प्रक्रिया थाल्दा पनि समाधान हुनसकेन भने जाचँबुझ सम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउँछ । यस अन्तर्गत वन्दसत्र वा वैठक लगायतका कार्यविधि अवलम्बन गर्न सक्दछ । जाँचबुझ प्रक्रिया पश्चात मात्र सुझाव तथा सिफारिस पक्ष राष्ट्रलाई पठाउँदछ ।

## प्रगति अवस्था[1]

१४ अप्रिल २०१४ मा लागुभएदेखि अक्टुवर २०१९ सम्म ४६ राष्ट्र अनुमोदन गरी पक्ष राष्ट्र भइसकेका छन । दक्षिण एशियनदेशहरू मध्ये माल्दिभ्सले मात्र यस आलेखको अनुमोदन गरेको छ । अक्टुवर २०१९ सम्म समितिले ३०० भन्दा बढी उजुरी प्राप्त गरे पनि १०० उजुरी मात्र दर्ता गरेको छ। त्यसमध्ये ३० उजुरी उपर मात्र निर्णय भएको छ। उक्त ३० उजुरी मध्ये ८ उजुरीमा मात्र बाल अधिकराको उल्लङ्घन भएको निर्णय भएको छ । १४ उजुरी अग्राहय भएको छ । ८ उजुरी उपरको सुनुवाई वन्द गरिएको छ। ७० उजुरी अझै विचाराधीन अवस्थामा रहेका छन ।

धैरै उजुरी प्राप्त भएपनि आधारभूत प्रारम्भिक सुनुवाईका लागि आवश्यक सुचना उल्लेख नगरिएको कारणले दर्ता गरिएको छैन । दर्ता भएका उजुरीहरूमा आप्रवास सम्बन्धित, बाल अपहरण, हिरासतमा भेटघाट गर्न पाउने अधिकार, सेरोगेसी, बालन्याय, शारीरिक दण्डसजायसँग सम्बन्धित उजुरीहरू रहेका छन । ती उजुरीहरू अधिकांश युरोपियन देशहरू स्पेन, डेनमार्क, स्विटजरल्याण्ड, फिनल्याण्ड, वेल्जियम, जर्मनी, फ्रान्स,

1 Recent Development in the Individual Communications Received Under The Optional Protocol to the Convention on The Rights of the Child on a Communications Procedure (OPIC-CRC)

स्लोभाकिया र जर्जियाबाट रहेका छन । त्यस्तै केही उजुरी गैर युरोपियन देश अर्जेन्टिना, चिली, कोष्टरिका, पनामा र पराग्वेबाट रहेका छन ।

## विश्लेषण

कुनै पनि महासन्धि, सन्धिको अनुमोदन गर्ने भनेको मानव अधिकारको सम्मान गर्ने हो । संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले नेपालले बाल अधिकार महासन्धि र यसको दुईवटा आलेखको अनुमोदन गरी बाल अधिकार समितिमा नियमित रूपमा प्रतिवेदन प्रस्तुत गर्दै आइरहेको छ । साथै उक्त महासन्धि र आलेखहरूमा भएको व्यवस्थालाई घरेलुकरण पनि गर्दै आएको अवस्था छ । नेपालको संविधान, २०७२, बाल अधिकार ऐन, २०७५, मानव वेचविखन सम्बन्धी ऐन लगायतका कानूनहरूमा अन्तर्राष्ट्रिय स्तरमा भएका व्यवस्थाहरूलाई राष्ट्रियकरण गरेको छ । त्यति मात्र नभई बाल अधिकारको संरक्षणको लागि विभिन्न रणनीति र कार्यविधिहरू वनाई सक्रिय भुमिका निर्वाह गर्दै आइरहेको छ ।

यस परिस्थितिमा यदि राज्य आफनो घरेलु स्तरमा बाल अधिकारको प्रभावकारी संरक्षण र सम्बर्द्धन सम्बन्धमा काम कारवाही गर्दै आइरहेको अवस्थामा अन्तर्राष्ट्रिय कानूनलाई किन अनुमोदन गर्ने भन्ने सवाल उठन सक्दछ । कुनै पनि मानव अधिकार महासन्धिको अनुमोदन गरी पक्ष राष्ट्र वन्नुको अर्थ अन्तर्राष्ट्रिय बोझ स्वीकार्य गर्ने भन्ने होइन । बाल अधिकार महासन्धि र सोसँग सम्बन्धित दुई आलेखको अनुमोदन गरेर राज्यले अन्तर्राष्ट्रिय बोझ ग्रहण गरेको होइन । आफु सदस्य रहेको अन्तरसरकारी निकायबाट विकास भएको मुल्य मान्यतालाई स्वीकार्य गरी मानव अधिकारप्रतिको प्रतिबद्धता प्रदर्शन गर्नु हो । हस्ताक्षर वा अनुमोदन गर्दैमा आफु कमजोर रहेको भन्ने सन्देश दिने पनि होइन । झन् सशत्तता र सक्रियताको सन्देश दिनु हो ।

तेस्रो इच्छाधिन आलेखलाई अनुमोदन गर्दा महासन्धि र दुई आलेखमा उल्लेख भएका व्यवस्थाहरूभन्दा थपिने भार वा दायित्व केही हुदैन । यस आलेखको अनुमोदन भएमा घरेलु स्तरमा बाल अधिकार सम्बन्धमा भएरहेका उपचारत्मक प्रक्रिया र सन्यन्त्रमा देखिएका कमी कमजोरी सुधार गरी प्रभावकारी संरक्षणको वातावरण निर्माण गर्ने जिम्मेवारी बोध हुन्छ । किनभने घरेलु स्तरमा उपचार नपाएमा मात्र बाल अधिकार समितिमा उपचार दिन पाउने प्रावधानले घरेलु प्रक्रियालाई झन मजवुत वनाउन सघाउँदछ ।

यसको साथै मानव अधिकार परिषदको विश्वव्यापी मानव अधिकार समिक्षा मार्फत नेपालको मानव अधिकार अवस्थाको समिक्षा सन् २०११ र २०१५ मा सम्पन्न तेस्रो समिक्षा सन् २०२० को नोभेम्बरमा हुनगइरहेको छ । सन् २०१५ को दोस्रो समिक्षाले तेस्रो आलेख अनुमोदन गर्नका लागि सुझाव पेश गरेको छ । त्यस्तै बाल अधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा परेका बालबालिका सम्बन्धि पहिलो आलेखको निष्कर्ष टिप्पणीमा पनि यस आलेखलाई अनुमोदन गर्नका लागि सुझाव पेश गरेको छ ।

## निष्कर्ष

अतः बाल अधिकार महासन्धि र यसको दुई इच्छाधिन आलेखहरूमा बाल अधिकारको सम्मान, संरक्षण, विकास र सहभागिताका लागि भएका वृहत व्यवस्थालाई अनुमोदन गरी अन्तर्राष्ट्रिय स्तरमा देखाएका प्रतिवद्धता स्रहानीय कार्य रहनुका साथै बाल अधिकार समितिमा अद्यावधिक प्रतिवेदन पेश गर्नुका साथै घरेलु स्तरमा अन्तर्राष्ट्रिय मुल्य मान्यतालाई अङ्गीकार गरी घरेलु कानून तथा सन्यन्त्रहरूको विकास गर्दै आइरहेको अवस्थामा अन्तर्राष्ट्रिय स्तरमा देखाएको सकारात्मक सोच र प्रतिवबद्धतालाई अझ बृहत् वनाउन र विश्वव्यापी मानव अधिकार समिक्षाको दोस्रो समीक्षा सन्

२०१५ बाट प्राप्त सुझाव र बाल अधिकार समितिको निष्कर्ष टिप्पणीले अनुमोदनका लागि सुझाव तथा सिफारिस गरेको हुनाले सोलाई पनि हृदयगंम गरी अनुमोदन गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

## ९. बालबालिकाको सन्दर्भमा दिगो विकास लक्ष्य र नेपालको प्रतिबद्धता

संयुक्त राष्ट्र संघको महासभाबाट पारित दिगो विकास लक्ष्य र कार्यक्रमहरू सन् २०३० सम्म सदस्य राष्ट्रहरूको विकासका नीति, कार्यक्रम तथा योजनाहरूको लागि मार्गदर्शन दस्तावेज हो । नेपालले पनि दिगो विकास लक्ष्य र यसका सूचकहरू बमोजिम आफनो राष्ट्रिय दिशानिर्देश तय गरिसकेको छ । बालिकाको अवस्थालाई सम्बोधन गर्ने नेपालको प्रतिबद्धताहरू निम्न रहेका छन् ।

- गरिबीमा रहेका सबै उमेरका महिलाको संख्या घटाएर सन् २०३० सम्ममा ५ प्रतिशतमा झार्ने ।

- गरिबीमा रहेका ५ बर्षभन्दा कम उमेरका बालबालिकाको संख्या सन् २०१५ मा ३६ प्रतिशत रहेकोमा त्यसलाई घटाएर सन् २०१९ सम्ममा २७.७ प्रतिशत , २०२२ सम्ममा २१.५ प्रतिशत, २०२५ सम्ममा १५.३ प्रतिशत र सन् २०३० सम्ममा ५ प्रतिशतमा झार्ने ।

- ५ बर्षभन्दा कम उमेरका बालबालिकामा रक्तअल्पता हुने दरलाई घटाएर सन् २०१९ सम्ममा ३३ प्रतिशत, २०२२ सम्ममा २४ प्रतिशत, २०२५ सम्ममा १८ प्रतिशत र सन् २०३० सम्ममा १० प्रतिशतमा ल्याउने ।

- किशोरावस्थामा नै आमा बन्ने किशोरीहरूको संख्या प्रति १ हजार ७१ जना रहेकोमा त्यसलाई घटाउदै सन् २०१९ सम्ममा प्रति १

हजार ५६, २०२२ सम्ममा  प्रति १ हजार ५१, २०२५ सम्ममा प्रति १ हजार ४३ र सन् २०३० सम्ममा प्रति १ हजार ३० जनामा ल्याउने ।

- कक्षा १ मा भर्ना भएका बालक र बालिका मध्ये कक्षा ८ मा र कक्षा १२ मा पुग्ने अनुपात बालकको तुलनामा बालिकाको कम रहेकोले समान बनाउने ।

- प्राविधिक तथा व्यबसायिक शिक्षामा बालिकाहरूको सहभागिताको अनुपात प्रति १ सय जनामा ५३ रहेकोमा उक्त संख्यालाई बढाउदै सन् २०१९ सम्ममा ६६,२०२२ सम्ममा ७५, २०२५ सम्ममा ८४ प्रतिशत र सन् २०३० सम्ममा समान सहभागिता कायम गर्ने ।

- प्राथमिक विद्यालयको लैङ्गिक समानताको अनुपात १.०२ रहेकोमा उक्त अवस्थामा सुधार गर्दै समान कायम गर्ने ।

- लैङ्गिक भेदभावको अन्त गर्ने र विभेदपूर्ण नीति, योजना र काननूहरूको अनुगमन तथा आवश्यक सुधार गर्नका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने ।

- १५ देखि १९ बर्ष उमेर समुहमा विवाहित जीवन बिताउन बाध्य किशोरीको संख्या २४.५ प्रतिशतबाट न्यूनीकरण गर्दै  सन् २०१९ सम्ममा १८ प्रतिशत, २०२२ सम्ममा ५ प्रतिशत कायम गर्ने ।

- यौन तथा प्रजनन् स्वास्थ्य सेवा र अधिकारका बारेमा सचेत महिला तथा किशोरहिरूको संख्या हाल ५९ प्रतिशत रहेकोमा उक्त अवस्थामा सुधार गर्दै  सन् २०१९ सम्ममा ६८ प्रतिशत, २०२२ सम्ममा ७४ प्रतिशत, २०२५ सम्ममा ८० प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत पुर्‍याउने ।

- महिला तथा बालिकाहरूको हाल भइरहेको बेचबिखनको समस्यालाई न्यूनीकरण गर्ने ।

- शारीरिक दण्ड सजाय भोग्ने बालबालिकाको संख्या सन् २०१५ मा ८१.७ प्रतिशत मा सुधार गर्दै सन् २०१९ सम्ममा ६० प्रतिशत, २०२२ सम्ममा ४४ प्रतिशत, २०२५ सम्ममा २७ प्रतिशत र सन् २०३० सम्ममा सुन्य प्रतिशतमा कम गर्ने ।

- सन् २०३० सम्ममा सबैखाले कुपोषणको अन्त्य गर्ने र २०२५ सम्म ५ बर्ष मुनिका बालबालिकाहरूमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोगसम्बन्धी अन्तराष्ट्रिय लक्ष्य हासिल गर्ने तथा किशोरी, गर्भवती र सुत्केरी महिला र बृद्धबृद्धाहरूको पोषण सम्बन्धी आवश्यकता सम्बोधन गर्ने ।

## १०. बालअधिकार कार्यान्वयनका लागि नेपालमा रहेका संरचनाहरू

- राष्ट्रिय मानव अधिकार आयोग ।
- राष्ट्रिय महिला आयोग ।
- राष्ट्रिय योजना आयोग ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
- गृह मन्त्रालय ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
- शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
- नेपाल प्रहरी ।
- राष्ट्रिय बाल अधिकार परिषद ।
- जिल्ला प्रशासन कार्यालयहरु ।
- अदालतहरू ।
- बालबालिका खाजतलास समन्वय केन्द्र ( १०४)
- बाल हेल्पलाईन १०९८ ।
- बालअधिार संरक्षण तथा सम्बर्द्धन उपसमिति ।
- जिल्ला समन्वय समिति, गाउँपालिका तथा नगरपालिका ।
- जिल्ला स्थित बिषयगत कार्यालयहरू ।
- बालमैत्री स्थानीय शासन नगर-गाउँपालिका ।
- बाल क्लब ।

## ११ चुनौती तथा समस्याहरू

- नेपालले बाल अधिकार महासन्धी अनुमोदन गरेको २९ बर्ष पुराभई सकेको भएता पनि नेपालका अधिकांश बालबालिकाहरूले बाल अधिकारको पूर्ण रूपमा अनुभूति गर्न पाएको देखिदैन ।
- नेपालले बालअधिकार महासन्धिलाई अनुमोदन गरेको छ तर यसको optional protocal 3rd लाई हालसम्म अनुमोदन गरेको छैन । जसका कारण बालबालिकाहरूले राष्ट्रिय तहमा न्यायबाट बन्चित भएमा वा न्याय प्राप्तीमा ढिलाई हुन गएमा संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा उजुरी गर्ने ढोका बन्द भएको छ ।
- बालबालिकाहरू मध्ये पनि मधेसी, दलित, मुस्लिम, अल्पसंख्यक र जनजाती समुदायका बालबालिका अझ बढी जोखिममा रहेको पाइन्छ ।
- बालबालिका सम्बन्धि ऐन बनेतापनि हाल सम्म नियमावली बन्न नसकेका कारण ऐनका कतिपय प्रावधानहरू पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको पाईदैन ।
- बाल बालिका अझै पनि बाल बिबाह, बाल श्रम, बाल यौन शोषण जस्ता अपराधबाट प्रभावित रहेको पाईन्छ ।
- बालबालिकाहरूले घरमा गर्ने कामलाई बाल श्रम अर्न्तगत नहेरीएको कारण धेरै बालबालिकाहरू शिक्षाको उज्यालो बाट बन्चित भएका छन् ।
- बाल बिबाह रोकथामको लागि  कानूनको निर्माण भएता पनि बाल बिबाहमा रोकथाम भएको पाईदैन ।
- धेरैजसो सडक बालबालिकाहरू वेचविखनको जोखीममा परेको पाईन्छ ।

- बालबालिकाहरूलाई श्रममा लगाउन नपाउने कानूनी व्यबस्था भएतापनि कतिपय ईट्टा भट्टा, खाजाघर, मनोरञ्जनका क्षेत्रहरूमा बालबालिकालाई श्रमिकको रूपमा प्रयोग भैरहेको छ ।

- बाल बिबाह, बाल श्रम, बाल यौन शोषण जस्ता अपराधिक कार्यहरू कसैले गरेको अवस्थामा सम्बन्धित निकायमा उजुरी दिने र अपराधीलाई कानूनी दायरामा ल्याउने प्रयास कमै भएको पाईन्छ ।

- कानूनले अपराधसंग सम्बन्धित बालबालिकालाई बाल सुधार गृहमा राखेर असल नागरिक बनाउने परिकल्पना गरेको भएतापनि पर्याप्त मात्रामा बाल सुधारगृहहरू नभएको र भएका बाल सुधार गृहमा पनि आवश्यक  भौतीक पूबार्धारको कमी रहेको ।

- सडक बालबालिकाको समस्या समाधानका लागि सरकारी तथा गैह्रसरकारी तबरबाट विविध कार्यक्रमहरू आयोजना गरिएको भएतापनि कतिपय कार्यक्रमहरू शहर (काठमाण्डौ) केन्द्रित रहेको कारण उक्त कार्यक्रमहरूबाट देशभरका सडक बालबालिकाहरू लाभान्वित हुन नसकेको ।

- कतिपय अबिभावकहरूले आफना बालबालिकालाई घरमा उर्पयुक्त बातावरण निर्माण नगरीदिएको कारण धेरैजसो बालबालिका सडक बालबालिकाको रूपमा सडकमा आउने गरेको र ति बालबालिकालाई उद्धार गरी उनीहरूको अभिभावक समक्ष जिम्मा लगाउन समस्या रहेको ।

- बालबालिकालाई आफ्ना अभिभावकहरूले पर्याप्त समय तथा उचित परामर्श दिन नसकेको कारण (बाबु आमा दुबै कामकाजी रूपमा ब्यस्त) धेरै जसो बालबालिकाहरूमा मनोबैज्ञानिक समस्या रहेको ।

- बालगृहरूमा रहेका बालबालिकाहरू नै असुरक्षित रहेको, निजहरूलाई विभिन्न आश्वासन देखाएर बिदेशसम्म पुऱ्याएको उजुरी आयोग समक्ष पर्न आएको छ ।
- बाल बिज्याईमा संलग्न रहेका बालबालिकालाई अनुसन्धानको क्रममा अन्य व्यक्ति सरह प्रहरी हिरासतमा राखिने, बालबालिकाको लागि बाल हिरासत कक्षको व्यवस्था हालसम्म नभएको ।
- मोवाईल तथा इन्टरनेटको सही प्रयोगगर्न नसकेको कारण बालबालिका साइबर क्राइम (Cyber Crime) को शिकार भएको पाइएको छ ।
- बालबालिकाको सर्वोत्तम् हित र बाल मनोबिज्ञानलाई निजहरूको अभिभावक, परिवारजन, शिक्षक, शिक्षिका तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा बालबालिकासंग सम्बन्धित व्यक्तिहरूले बुझ्न नसक्नु ।
- कानून तथा कानून कार्यान्वयन गर्ने निकायहरूको निर्माण गरिएता पनि ति निकायहरूको काम कारबाही के कसरी भैरहेको छ भनी त्यसको निरन्तर सुपरिबेक्षण तथा मूल्याङ्कक गर्ने संयन्त्रको निर्माण हुन नसक्नु ।
- कतिपय कानून कार्यान्वयन गर्ने निकायहरूमा बाल मनोभावना बुझेर काम गर्ने दक्ष मानवीय स्रोतको अभाव रहेको ।

## १२. निष्कर्ष

नेपालले बाल अधिकार सम्बन्धी महासन्धि , १९८९ लाई सन् १९९० को सेप्टेम्बर १४ का दिन अनुमोदन गरेको थियो । सन् १९९० मा बालअधिकार महासन्धिमा हस्ताक्षर गर्ने प्रारम्भिक मुलुकहरूको सूचीमा नेपाल पनि पर्दछ । नेपालले अन्तराष्ट्रिय मञ्चमा बाल अधिकारको क्षेत्रमा जनाएको प्रतिबद्धता बाल अधिकारको संरक्षण र संर्म्बद्धनको लागि उत्तिकै उल्लेख्य रहेको छ । बाल अधिकार महासन्धीलाई नेपालले अनुमोदन गरे संगै बालअधिकार समितिमा आवधिक प्रतिबेदन पेश गरी सो समितिबाट प्राप्त भएका सुझावहरूलाई समेत नेपालले कार्यान्वयन गर्दै आइरहेको छ ।

सन्धी ऐन २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका सन्धी र यसका प्रावधानहरू कानून सरह मान्य हुने, यदी कार्यान्वयमा रहेका कानून र अनुमोदन गरिएका अन्तराष्ट्रिय कानूनका प्रावधानहरू एक आपसमा बाझिएमा सन्धीका प्रावधानहरू लागुहुने, कानुनका प्रावधानहरू स्वतह निष्कृय र खारेज हुने व्यबस्था गरेको छ । नेपालले उक्त महासन्धिलाई अनुमोदन गरेपश्चात उक्त महासन्धिमा उल्लेख भएका प्रावधानहरूलाई घरेलुकरण गर्ने क्रममा बालबालिका सम्बन्धी ऐन, २०४८ को निर्माण गरियो र उक्त ऐन कार्यान्वयनका लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना हुनको साथै केन्द्रीय बाल कल्याण समितिको स्थापना, प्रत्येक जिल्लामा केन्द्रीय बाल कल्याण समन्वय समितिको गठन, प्रत्येक जिल्लामा बालबालिकाको हितमा नीति तथा कार्यक्रमको निर्माण लगायतका कार्यहरू भएको पाइन्छ । यस पछि बालबालिको अधिकारलाई अझै चुस्त तथा दुरूस्त बनाउने र पुरानो ऐनले सम्बोधन नगरेका बाल अधिकारका बिषयबस्तुहरूलाई समेत सम्बोधन हुने गरी बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आएको पाईन्छ । हाल बाल अधिकारको संरक्षण र संर्बद्धनका लागि निर्माण गरिएका संबैधानिक व्यवस्थाहरू,

कानूनी व्यवस्थाहरू, नीति, रणनिति, ऐन, नियम, नियमावली, निर्देशिका, कार्ययोजना, संशोधन प्रस्तावहरू, समेतलाई अध्ययन गर्ने हो भने बर्तमान संबिधान, (२०७२) ले पहिलो पटक बाल अधिकारको बिषयलाई प्राथमिकतामा राखेर संबिधानको मौलीकहक अर्न्तगत बाल अधिकारलाई राखेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा प्रष्टसंग पीडित बालबालिकाको अधिकारको बारेमा व्यवस्था भई पीडितको अधिकारको संरक्षण र प्रर्वधन गरेको छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को तर्जुमा गरी पीडितको अधिकारलाई छुट्टै स्वरूपमा व्यबस्था गरिएको छ । बाल अदालतलाई पीडित बालबालिकाको हकमा अन्तरिम राहत स्वरूप अन्तरकालिन आदेश दिन सक्ने गरी अधिकार प्रदान गरिएको छ साथै तत्काल आवश्यक परेमा पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवा तथा पुन : स्थापना केन्द्रमा राख्ने गरी आदेश दिन सक्ने अधिकार प्रदान गरिएको छ ।

सम्मानित सर्वोच्च अदालतबाट बाल अधिकारको सुनिश्चितता र बाल न्याय प्रणालीको सुदृढीकरणको लागि परमादेश तथा निर्देशनात्मक आदेशहरू जारी भएका छन् । बाल अधिकारको संरक्षणका लागि बिभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरू कियाशील रहेका छन् । यति हुँदाहुँदै पनि नेपालका बालबालिकाहरूले बाल अधिकारको पूर्ण रूपमा अनुभुति गर्न भने पाएको देखिदैन । बहुसंख्यक बालबालिकाहरू न्यूनतम आवश्यकता पाउने अवस्थामा समेत नरहेको अध्ययहरूले देखाएको छ । त्यसमध्य मधेसी, दलित, अल्पसंख्यक र जनजाती समुदायका बालबालिका अझ बढी जोखिममा रहेको पाइन्छ ।

अत:बाल अधिकारको संरक्षण र संर्बद्धनकालागि सर्बप्रथम बालबालिका संग सम्बन्धित कानून तथा त्यसका प्रावधानहरूको बारेमा सचेतना मुलक कार्यक्रमहरू देशको दुरदराजसम्म पुऱ्याउनु आवश्यक रहेको छ त्यसको लागि सरकारको मात्र दायित्व नभई बाल अधिकारको संरक्षण र संर्बद्धनको

लागि क्रियाशिल सम्पूर्ण सरकारी तथा गैह्र सरकारी निकायहरूले एक आपसमा समन्वय गरेर अगाडी बढ्नु पर्ने देखिन्छ । त्यसैगरी कानून कार्यान्यनको लागि बन्नु पर्ने संरचना, जस्तै अस्थायी संरक्षण सेवा तथा पुनः स्थापना केन्द्रहरूको स्थापना गरिनुपर्दछ ।

नेपालले मातृ स्वास्थ्य, पोषण, बाल मृत्यूदर जस्ता बिषयहरूमा बिगतको तुलनामा उल्लेख्य प्रगति हासिल गरेको कुरा बिभिन्न अध्ययन प्रतिबेदनहरूबाट थाहा भएको छ तर पनि लङ्गिक भेदभाव, चरम गरिबी, यौन हिंसाबाट बालबालिकाहरू अझै पनि प्रभाबित रहेको पाइन्छ । शिक्षाको महत्व नबुझेकै अवस्थामा पढाई छाड्ने बाल श्रममा लाग्ने वा बाल विवाहमा जोडिने जस्ता बालबालिकाको हित बिपरितका कार्यहरू भए गरेको पाईन्छ । बाल बिबाहको विकृति हटाउन धेरैभन्दा धेरै जनचेतनामूलक कार्यक्रम आयोजना गर्नुपर्ने देखिन्छ । गरिबी कै कारण विद्यालय छाड्ने बालबालिकाको हकमा सम्बद्ध परिवारको गरिबीलाई अध्ययन गरेर उनीहरूको लागि आय आर्जनको कार्यक्रमहरू (सरकारी तथा गैह्र सरकारी निकायहरू) सबैले आ -आफनो तर्फबाट आयोजना गरी गरिबीको चपेटामा परेका परिवारहरूको आर्थीक अवस्था सुधार गर्ने तर्फ सबैको प्रयास आवश्यक देखिन आउँदछ ।

## सन्दर्भ सामाग्रीहरू :


- नेपालको संविधान (२०७२ ) ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ।
- मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ ।
- लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ।
- अपराध पीडित संरक्षण ऐन, २०७५ ।
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ।
- बालविवाह विरूद्धको राष्ट्रिय रणनीति, २०७२ ।
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ।
- बँधुवा बालश्रम विरूद्धको राष्ट्रिय कार्ययोजना, सन् २००९ ।
- बालिकाहरूको समान अवसर र अधिकारका लागि जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार गरिएको नागरिक स्थितिपत्र र सुझाव ।
- Statistical Year Book, 2015 .
- Nepal demographic Health Survay,2016 .
- Nepal Child Labor report,2012 .
- State of the Children in Nepal, 2075 .
- www.nepal police.gov.np
- बालविवाह विरूद्ध कानूनी संरक्षण, प्रचलित कानून सुदृढीकरणका लागि संशोधन प्रस्तावहरू, २०७३ ।

❖ नेपालमा बालबालिकको स्थिति प्रतिवेदन ,२०७५ ।

❖ नेपालमा बालबालिकको स्थिति प्रतिवेदन ,२०७३ ।

❖ वार्षिक प्रतिबेदन आ.व. २०७२ / २०७३, राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर, नेपाल ।

❖ वार्षिक प्रतिबेदन आ.व. २०७३ / २०७४, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, नेपाल ।

❖ वार्षिक प्रतिबेदन आ.व. २०७४ / २०७५, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, नेपाल ।

❖ जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवम् न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहिता, अध्ययन प्रतिबेदन , २०७६ ।

❖ कान्तिपुर दैनिक, मिति २०७६।०५।२९,गते सोमबार बाल दिवस र बाल अधिकार, रश्मिला कासुला, पे.७ ।

❖ राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७४।११।२० गते देखि २६ गते सम्म काठमाण्डौ र ललितपुर जिल्लाका इटा भट्टामा भएका बाल श्रमिकको मानव अधिकारको अवस्था सम्बन्धमा गरिएको अनुगमन प्रतिबेदन ।

❖ राष्ट्रिय मानव अधिकार आयोगले मिति २०७४।१०।७ गते देखि १४ गतेसम्म भक्तपुर र काभ्रे जिल्लाका इटा भट्टामा भएका बाल श्रमिकको मानव अधिकारको अवस्था सम्बन्धमा गरिएको अनुगमन प्रतिबेदन ।

❖ बालविबाह अन्त्यकालागि राष्ट्रिय कार्यशाला गोष्ठी मिति २०७५,११ देखि १२, प्रतिबेदन ।

❖ मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिबेदन , २०७६ ।

❖ मानव अधिकारको विश्वब्यापी घोषणा, १९४८ ।

❖ बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ।

❖ कान्तिपुर दैनिक, मिति २०७६।०५।३०, गते, "बालमेत्री छैन बालन्याय" अमृता अनमोल पे. १२ ।

❖ कान्तिपुर दैनिक, मिति २०७६।०४।३०,गते "बालिका बेचबिखन आरोपमा बालमन्दिरकै निर्देशक पक्राउ" जनकराज सापकोटा, पे.९ ।

❖ कान्तिपुर दैनिक, मिति २०७६।०५।२९,गते "बाल अधिकार कानूनमानै सीमित कान्तिपुर संबादाता"क पे.९ ।

❖ राजधानी दैनिक, मिति २०७६।५।३०, "बालकको पक्षमा बाल दिवस" पे.७ ।

❖ राजधानी दैनिक , मिति २०७६।५।२०, राजधानी दैनिक , मिति २०७६।५।३०,"बालकको पक्षमा बाल दिवस" पे.७ मानव बेचबिखन नियन्त्रणका लागि बालिका शिक्षामा जोड" पे.७ ।

❖ अन्नपूर्ण पोष्ट , मिति २०७६। ५।१४, "पढ्न नगएर बालुवा चाल्छन् बालबालिका" मिना बुढाथोकी पे. ४ ।

❖ गोररवा पत्र दैनिक, २०७६।५।२९, सुनिश्चित बालअधिकार : समृद्ध नेपाली, पे. १

❖ कान्तिपुर दैनिक, मिति २०७६।०५।२९,गते "अनुगमन देखावटी कान्तिपुर संबादाता" ।

❖ http//childrights.gov.np/…fact sheet-info-sheet news../20.

❖ Childrights.gov.np/site/catalogy/resourcs120

❖ Study Report on the status of Early marriage in Lalitpur .

❖ आपतकालीन बाल उद्धार कोष (संचालन) नियमावली, २०६७

❖ https://www.unicef.org/press-releases/poor-diets-damaging-childrens-health-worldwide-warns-unicef

❖ https://news.un.org/en/story/2019/10/1049261

❖ कमसल खानाले कलिलैमा मोटोपना, अतुल मित्र, कान्तिपुर दैनिक,मिति २०७६।६।२९ गते बुधाबर,पे.३

❖ राष्ट्रिय मानव अधिकार आयोग,मानव अधिकार सम्बन्धी राष्ट्रिय प्रतिबेदन - २०७६, प्रतिबेदनको सार संक्षेप ।

❖ बालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजना ( २०६१-२०७१) , नेपाल सरकार श्रम तथा यातायात व्यबस्था मन्त्रालय

❖ ओसारपसार, एटविनको अर्ध- बार्षिक प्रकाशन, अंङ्क १८, भदौ २०७६ ।

❖ भर्डिक्ट त्रैमासिक, अङ्क १२, बर्ष २, असोज - मंसिर २०७६ ।

❖ संवाहक, मानव अधिकार जर्नल, अङ्क १२, राष्ट्रिय मानव अधिकार आयोग ।

❖ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ।

❖ शसस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको इछाधीन आलेख ।

❖ बालअधिकार सम्बन्धी महासन्धिको बालबालिकाको वेचविखन, बालवेश्यावृति र बालबालिकाको अश्लील चित्रण विरुद्धको इछाधीन आलेख ।

❖ बाल अधिकारसम्बन्धी महासिन्धको सञ्चार प्रक्रियासम्बन्धी तेस्रो इच्छाधीन आलेख ।

❖ संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालले बुझाएको बालअधिकारसम्बन्धी महासन्धिको तेस्रो, चौथो र पाँचौ आवधिक

प्रतिवेदन तथा इच्छाधीन आलेखहरुको प्रतिवेदनमा समितिको समापन टिप्पणी, नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय केन्द्रीय बालकल्याण समिति हरिहरभवन, पुल्चोक, ललितपुर

- ❖ https://www.ohchr.org/EN/ProfessionalInterest/Pages/OPICCRC.aspx
- ❖ Recent Development in the Individual Communications Received Under The Optional Protocol to the Convention on The Rights Of the Child On a Communications Procedure (OPIC-CRC)

# कार्यक्रममा लिएका केही तस्विरहरू




इट्टा भट्टाको अनुगमनको क्रममा आयोगको टोली



बाल अधिकार सम्बन्धी महासन्धीको सञ्चार प्रक्रिया सम्बन्धी
तेस्रो इच्छाधिन आलेख विषयक अन्तर्क्रिया कार्यक्रम




हिरासतमा यातना पाएको बालकसँग आयोगको टोली



ईट्टा भट्टाको अनुगमनको क्रममा आयोगको टोली



नेपालमा बाल अधिकार अवस्था विषयक अन्तर्क्रिया कार्यक्रम



बालविवाहबाट जन्मिएको बच्चा र आमासँग आयोगको टोली



बालबालिकासँग माननीय मोहना अन्सारी



बालबालिकासँग माननीय मोहना अन्सारी

**राष्ट्रिय मानव अधिकार आयोग**
केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर
फोन: ०१-५०१००१५,/१६/१७/१८
इमेल:complaints@nhrcnepal.org
वेभसाइट:Website: www.nhrcnepal.org
हटलाइन:०१-५०१००००

**विराटनगर कार्यालय, चाँदनी चोक**
फोन: ०२१-४६१९३१ र ४६१०९३,
फ्याक्स: ९७७-२१-४६११००

**खोटाङ कार्यालय, दिक्तेल**
फोन: ०३६-४२०२८४

**जनकपुर कार्यालय, देवी चोक**
फोन: ०४१-५२७८११ र ५२७८१२
फ्याक्स: ९७७-४१-५२७२५०

**सानेपा कार्यालय, सानेपा**
फोन: ०१-५५३०३६२

**पोखरा कार्यालय, जनप्रियमार्ग**
फोन: ०६१-४६२८११ र ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२

**बुटवल कार्यालय, रूपन्देही,**
फोन: ०७१-४१०१७५, ०७१-४१०१७६

**नेपालगञ्ज कार्यालय, शान्तिनगर**
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ०८१-५२६७०६

**जुम्ला कार्यालय, खलङ्गा**
फोन: ०८७-५२०२२२

**धनगढी कार्यालय, उत्तर बेहेडी**
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ०९१-५२५६२३



भक्तपुरमा संचालीत ईट्टा भट्टामा कार्यरत बालबालिकाहरु




कार्यक्रममा सम्बोधन गर्नुहुँदै आयोगका मा.सदस्य मोहना अन्सारी